# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ६४ | काठमाडौं | बिहीबार, १२ असार २०८२ | Prabhab National Daily | Thursday, June 26, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# बजेट कानुन पालनामा उदासीन स्थानीय सरकार

## समयसीमाभित्र बजेट ल्याउन नसक्नुको मुख्य कारण दलीय टकराव


हर्क साम्पाङ


बालेन्द्र साह

■ जेबी योञ्जन

**काठमाडौं–** कानुनी समयसीमाभित्र देशभरका ३९ वटा स्थानीय सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याउन सकेनन् । बजेट ल्याउन नसक्ने बालेन्द्र (बालेन) साह नेतृत्वको काठमाडौं महानगरपालिका, हर्क साम्पाङ नेतृत्वको धरान उपमहानगरपालिकालगायतका स्थानीय सरकार हुन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार बजेट पेस गर्ने कानुनी सीमा असार १० गतेसम्म हो । तर, यस अवधिमा २४ वटा नगरपालिका र १५ वटा गाउँपालिकाले बजेट ल्याएनन् र समयसीमामा बजेट ल्याउनुपर्ने प्रावधान उल्लंघन गरे ।

स्थानीय सरकार सञ्चालन ऐनमा नगरसभामा बजेटमाथि छलफलका लागि १५ दिन र आवश्यक परे संशोधनका लागि थप पाँच दिनको समय उपलब्ध हुने उल्लेख छ । त्यसअघि भने असार मसान्तसम्म आफ्नो वार्षिक आयव्यय र करका नीति पारित गर्ने अन्तिम समयसीमा कानुनले दिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकाअनुसार अघिल्ला वर्षहरूमा पनि स्थानीय सरकार समयसीमाभित्रै बजेट ल्याउन चुक्दै आएका थिए ।

> स्थानीय तहको प्रमुख वा अध्यक्ष एउटा पार्टी र उपप्रमुख वा उपाध्यक्ष अर्को पार्टीबाट निर्वाचित भएको ठाउँमा बजेट ल्याउनै सकस भएको देखिएको छ । बजेट नल्याउनुको प्रमुख कारण दलीय टकराव नै देखिएको छ ।
>
> ■ **डा. खिमलाल देवकोटा**
> संघीयताविद्

> समयसीमाभित्र बजेट पेस नगर्ने स्थानीय तहलाई मन्त्रालयले केही गर्न सक्ने संवैधानिक व्यवस्था छैन । प्रशासनिक कारणले रोकिएको अवस्थामा मन्त्रालयले सहजीकरण गर्ने र राजनीतिक कारणले रोकिएका ठाउँमा राजनीतिक तहबाट पहल हुने गरेको छ ।
>
> ■ **रेशमलाल काडेल**
> स्थानीय तह समन्वय शाखा प्रमुख, संघीय मामिला मन्त्रालय

यस वर्ष बजेट नल्याउने नगरपालिका कोशीमा धरान उपमहानगरपालिका मात्रै हो । मधेस प्रदेशमा भने १६ वटा छन् । त्यसरी बजेट ल्याउन नसक्ने मधेसका नगरपालिकामा धनुषाका नगराइन नगरपालिका, विदेह नगरपालिका, कमला नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, हंसपुर नगरपालिका पर्छन् । सप्तरीको डाक्नेश्वरी नगरपालिका, राजविराज नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुंगा नगरपालिका र हनुमाननगर कंकालिनी नगरपालिका पनि बजेट नल्याउने नगरपालिकामा परे । महोत्तरीको औरही, रौटहतको वृन्दावन नगरपालिका र फतुवा विजयपुर नगरपालिका तथा बाराको निजगढले पनि आगामी आर्थिक वर्षको बजेट ल्याउन सकेनन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह समन्वय शाखा प्रमुख रेशमलाल कँडेल समयसीमाभित्र बजेट पेस नगर्ने स्थानीय तहलाई मन्त्रालयले केही गर्न सक्ने संवैधानिक व्यवस्था नभएको बताउँछन् । उनले प्रशासनिक कारणले रोकिएको अवस्थामा मन्त्रालयले सहजीकरण गर्ने र राजनीतिक कारणले रोकिएका ठाउँमा राजनीतिक तहबाट पहल हुने गरेको प्रभावसँग बताए ।

उनका अनुसार समयमै बजेट ल्याउन नसक्ने स्थानीय तह बागमती प्रदेशमा काठमाडौं महानगरपालिका, नुवाकोटको विदुर नगरपालिका, काभ्रेको पनौती नगरपालिका र चितवनको राप्ती नगरपालिका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

### पतञ्जलि योगपीठको जग्गा प्रकरण

# पूर्वप्रधानमन्त्री नेपाल ३५ लाख धरौटीमा रिहा



- आफू प्रधानमन्त्री भएको बेला पूर्वप्रधानमन्त्री नेपालले जानाजान मन्त्रिपरिषद् बैठकबाट काभ्रेको साँगाको ५५४ रोपनी र ३१४ रोपनी गरी कूल ८६८ भन्दा बढी जग्गा पतञ्जलिलाई दिएर पछि व्यक्तिलाई बिक्री गरेको विशेष अदालतको ठहर
- बुधबारको थुनछेक बहसपछि नेपालको तत्कालीन पदीय हैसियत र भूमिकासमेतलाई मध्यनजर गरी प्रस्तुत मुद्दाको पुर्पक्षका लागि ३५ लाख वा सो बराबरको बैंक जमानत लिई तारिखमा छाड्न आदेश
- पूर्वप्रधामन्त्री नेपालको बयानः राजस्व तिरी कम्पनीले जग्गा खरिद बिक्री गरेको, कुनै सार्वजनिक सरकारी जग्गा हिनामिना नगरेको

■ प्रभाव संवाददाता

**काठमाडौं–** विशेष अदालतको आदेशसँगै पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल ३५ लाख रूपैयाँ धरौटी राखेर तारेखमा छुटेका छन् । बुधबार भएको थुनछेक बहसपछि विशेष अदालतले उक्त धरौटी राखेर छाड्न आदेश दिएको थियो । सोही आदेशअनुसार उनी नेपाल बैंकलाई ग्यारेण्टी राखेर तारेखमा रिहा भएका हुन् ।

विशेष अदालतका न्यायाधीश विदुर कोइराला, रामबहादुर थापा र तेजनारायणसिंह राईको इजलासले पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपाललाई बुधबार राति धरौटीमा छाड्न आदेश दिएको हो । 'अनुसन्धानको क्रममा गरेको बयानसमेतका तत्काल प्राप्त प्रमाण र उल्लिखित तथ्यहरूबाट प्रतिवादी माधवकुमार नेपालको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) को अवस्था विद्यमान देखिन आयो,' आदेशमा भनिएको छ, 'तसर्थ पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुनेगरी प्रतिवादी माधवकुमार नेपालको तत्कालीन पदीय हैसियत र भूमिकासमेतलाई मध्यनजर गरी प्रस्तुत मुद्दाको पुर्पक्षका लागि नगदै ३५ लाख रूपैयाँ वा सो बराबरको बैंक जमानत लिई तारिखमा राख्नू ।'

> मन्त्रिपरिषद्बाट हदबन्दी छुटमा पाएको जग्गा मन्त्रिपरिषद्कै निर्णयबाट बिक्री भएको पाइएपछि अख्तियारले छानबिन सुरु गरेको थियो । नेपाल प्रधानमन्त्री हुँदा पतञ्जलि योगपीठले काभ्रेको साँगामा जडीबुटी खेती र आयुर्वेद अस्पताल निर्माणका लागि हदबन्दी छुटमा जग्गा खरिद गरेको थियो ।

पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनीलाई हदबन्दी छुटमा जग्गा दिने निर्णयमा अपचलन गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दाको बुधबार थुनछेक बहस सकिएसँगै नेपाललाई धरौटीमा छाड्ने आदेश आएको हो । बुधबार यस प्रकरणमा भएको बहसमा अख्तियारको तर्फबाट निजी कानुन व्यवसायी अधिवक्ता सुशील पन्त, विशेष सरकारी वकिलको कार्यालयका प्रमुख मोहनसागर बस्याल, भगवतीदेवी गौतम, उमाकान्त पौडेल र ज्ञानप्रसाद भुसालले बहस गरेका थिए । नेपालका तर्फबाट अधिवक्ताहरू शम्भु थापा, खम्बबहादुर खाती, कृष्णप्रसाद भण्डारी, रमण श्रेष्ठलगायतले बहस गरेका थिए ।

काभ्रेको साँगामा रहेको पतञ्जलि योगपीठको जग्गा सट्टापट्टा प्रकरणमा अख्तियारले गत जेठ २२ गते नेपालसँगै पूर्वमन्त्री प्रेमबहादुर सिंह, पूर्वमन्त्री डम्बर श्रेष्ठका छोरालगायत ९३ जनालाई प्रतिवादी बनाएको थियो ।

भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दी छुट पाउने प्रकृतिको उद्योग नभएको, त्यस्तो छुट पाउने कुनै कानुनी आधार पनि नभएको कम्पनी रजिस्ट्रारको कार्यालयमा पेस भएको प्रबन्धपत्रबाट जग्गाको हदबन्दी छुट सुविधा पाउँदैन । तर यस विषयमा जानीजानी नेपालले आफू प्रधानमन्त्री भएको कार्यकालमा २०६६ चैत ६ गतेको मन्त्रिपरिषद् बैठकबाट काभ्रेको साँगाको ५५४ रोपनी र ३१४ रोपनी गरी कूल ८६८ भन्दा बढी जग्गा पतञ्जलिलाई दिएर पछि व्यक्तिलाई बिक्री गरेको अरोप छ । अख्तियारले नेपालविरुद्ध भ्रष्टाचार मुद्दामा १८ करोड ५८ लाख ५० हजार बिगो मागदाबी गरेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# जापानमा श्रमिक पठाउने सूचीमा १०४३ म्यानपावर

## इजाजत प्राप्त सबै म्यानपावरलाई अवसर, तर पूरा गर्नुपर्ने छ मापदण्ड

■ ममता थापा

**काठमाडौं–** नेपालबाट जापानमा सीपयुक्त जनशक्ति पठाउन एक हजार ४३ वटा म्यानपावर कम्पनी सूचीकृत हुने भएका छन् । जापानस्थित नेपाली राजदूतावासका अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट इजाजत प्राप्त सबै म्यानपावर कम्पनीको मागपत्र स्वीकृतिका लागि सूचीकरण गर्न जापान सरकारको परराष्ट्र र स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयमा विवरण पठाइएको हो ।

जापानमा 'निश्चित सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८०' अनुसार निश्चित सीप भएका श्रमिकहरू म्यानपावरमार्फत रोजगारीका लागि जापान जाने छन् । श्रममन्त्री शरतसिंह भण्डारीले जापानको श्रमबजार एक करोड श्रमिकको माग रहेको बताइरहेको अवस्थामा उक्त कार्यविधि कार्यान्वयनमा आउने भएसँगै जापान पनि नेपालको प्रमुख श्रम गन्तव्य बन्नसक्ने अनुमान गरिएको छ ।

यसरी श्रमिक लैजाने प्रक्रियालाई 'एसएसडब्ल्यू' प्रणाली भनिएको छ । जापान जान इच्छुक श्रमिकले जापान सरकारबाट मान्यताप्राप्त संस्थाबाट भाषा परीक्षा र सीप परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने छ । कार्यविधिमा रोजगारीमा जाँदा लाग्ने हवाइभाडा, बिमा, स्वास्थ्य परीक्षण, कल्याणकारी र सामाजिक सुरक्षा कोषमा योगदान र श्रम स्वीकृतिमा लाग्ने खर्च रोजगारदाताले व्यहोरेको अवस्थामा सोहीबमोजिम र अन्यको हकमा मन्त्रालयले भनेबमोजिम हुने भनिएको छ ।



> जापान जान इच्छुक श्रमिकले जापान सरकारबाट मान्यताप्राप्त संस्थाबाट भाषा परीक्षा र सीप परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने छ । रोजगारीमा जाँदा लाग्ने हवाइभाडा, बिमा, स्वास्थ्य परीक्षण, कल्याणकारी र सामाजिक सुरक्षा कोषमा योगदान र श्रम स्वीकृतिमा लाग्ने खर्च रोजगारदाताले व्यहोरेको अवस्थामा सोहीबमोजिम र अन्यको हकमा मन्त्रालयले भनेबमोजिम हुने ।

यसबाहेक म्यानपावर कम्पनी, जापानस्थित सम्पर्क शाखा र 'रजिस्टर्ड सपोर्ट अर्गनाइजेसन'ले श्रमिकबाट कुनै शुल्क लिन नपाइने जनाइएको छ । जापानका रोजगारदाताको अनुरोधमा नेपालमा दिइने सीप र भाषाको तालिम र परीक्षणको शुल्क रोजगारदाताले नै व्यहोर्ने छन् । छनोट प्रक्रियाअघि नै श्रमिकले लिएको भाषा र सीपको तालिमको शुल्क भने श्रमिक स्वयंले व्यहोर्नुपर्ने भनिएको छ ।

छनोट भएका श्रमिकको दुई देशबीच सम्पन्न श्रम समझदारीका आधारमा सम्झौता हुने छ । श्रमिकका लागि जापान सरकारले तोकेको तलबमान, बिमा, ओभरटाइमबापतको भत्ता, बिदा, उपदान, सामाजिक सुरक्षा र अन्य कल्याणकारी सुविधा रहे, नरहेको विषयमा विभागले यकीन गर्नुपर्ने छ । भाषा तथा सीप परीक्षा र अन्य कागजातको वैधता विभागमा रहेको जापान एकाइले हेर्ने उल्लेख गरिएको छ । जापान जाने श्रमिकको सुरक्षासम्बन्धी विषय कार्यविधिको दफा १२ मा व्यवस्था गरिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### एसिया जिसिसी संवादमा श्रममन्त्रीको सम्बोधन

# संयुक्त पुन:एकीकरण कोष स्थापनाको प्रस्ताव

■ प्रभाव संवाददाता



**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले गल्फ को-अपरेसन काउन्सिल (जिसिसी) अन्तर्गतका राष्ट्रहरूसँग संयुक्त पुन:एकीकरण कोष स्थापनाका लागि प्रस्ताव गरेका छन् । त्यहाँ रोजगार गरी फर्किएका श्रमिकको सीप प्रयोगमा ल्याएर विकासका अगुवा बनाउन उनले यस्तो प्रस्ताव अघि सारेका हुन् ।

बुधबार सुरक्षित, मर्यादित र व्यवस्थित आप्रवासनका लागि आयोजित एसिया जिसिसी संवादको उद्घाटनसत्रमा बोल्दै मन्त्री भण्डारीले सहकार्यका लागि तीनवटा प्रस्तावहरू अघि सारेका छन् । पहिलो, एसिया-जिसिसी आप्रवासन कार्यदल गठन गरी भर्ती प्रक्रिया, पारिश्रमिक र अधिकार संरक्षणमा नीति समन्वय गर्नुपर्ने, दोस्रो, संयुक्त सीप र तथ्यांक पहलमार्फत जिसीसी श्रमबजारको मागअनुसार योग्यताको सर्टिफिकेसन र डेटा प्रणाली विकास गर्नुपर्ने र तेस्रो, वार्षिक संवाद संयन्त्रको स्थापना गरी महिला आप्रवासीको अवस्था र प्रविधिको प्रभावजस्ता नयाँ चुनौतीहरू समाधान गर्नुपर्ने रहेको छ ।

'जिसिसी राष्ट्रहरूमा कार्यरत हाम्रा श्रमिक केवल श्रमिकमात्र होइनन्,' मन्त्री भण्डारीले भने, 'उनीहरू हाम्रो साझा मूल्यका दूत हुन् । सुरक्षित, मर्यादित, र फलदायी आप्रवासन सुनिश्चित गर्नु हामी सबैको सामूहिक जिम्मेवारी हो ।'

उनले वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई कृषि, पर्यटन, उद्योगलगायतका उत्पादनशील क्षेत्रमा संलग्न गराउने कार्यक्रम विस्तार गरिने जानकारी गराउँदै कोरियाको १९६० दशकको पुन:एकीकरण अनुभव, स्वीट्जरल्याण्डको रूपान्तरण, बंगलादेशको गार्मेन्ट उद्योगमा केन्द्रित रणनीति र भारतको रिभर्स माइग्रेसन पहलबाट नेपालले सिकिरहेको बताए ।

मन्त्री भण्डारीले जिसिएमका २३ उद्देश्यहरूलाई कार्यान्वयन गर्दै सबै राष्ट्रहरूलाई न्यूनतम मानवअधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिए । नेपालबाट लाखौं आप्रवासी श्रमिकले जिसिसी राष्ट्रको समृद्धिमा योगदान दिँदै आएको चर्चा गर्दै मन्त्री भण्डारीले आप्रवासी श्रमिकलाई श्रमिकमात्र नभई विकासका साझेदारका रूपमा हेर्नुपर्ने बताए । हालै सम्पन्न ११३औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा पनि श्रमिकको अधिकार, सुरक्षित कार्य वातावरण र न्यूनतम मापदण्डहरूका विषयमा बलियो बहस भएको स्मरण गर्दै उनले नेपालले आप्रवासी श्रमिकको हितमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार नीति निर्माण र कार्यान्वयन गरिरहेको जानकारी गराए ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## पूर्वप्रधानमन्त्री...

भ्रष्टाचार मुद्दा दायर भएसँगै नेपालको प्रतिनिधिसभा सदस्य पद स्वतः निलम्बनमा परेको थियो ।

पतञ्जलि योगपीठको नेपाल प्रमुख शालिग्राम सिंह, केही जग्गा व्यवसायी र सरकारी निकायका अधिकारी मिलेर गैरकानुनीरूपमा जग्गा अपचलन गरेको उजुरी परेपछि अख्तियारले छानबिन अघि बढाएको थियो । यसै प्रकरणलाई लिएर अख्तियारले बुधबार नै पूर्वप्रधानमन्त्री नेपालसँग बयान पनि लिएको थियो । यद्यपि नेपालले अख्तियारमा इन्कारी बयान दिएका थिए । 'नेपालले अख्तियार र अदालतमा बयान गर्दा राजस्व तिरी कम्पनीले जग्गा खरिद बिक्री गरेको र कुनै सार्वजनिक सरकारी जग्गा हिनामिना भएको छैन । कोही कसैसँग अनुचित लाभको लागि मिलेमतो गरेकोसमेत छैन भनी आरोप दाबीमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ,' विशेषको आदेशमा भनिएको छ ।

अदालतले भने त्रिलोचन उप्रेती र मिनेन्द्र रिजालसमेतको अनुसन्धानको क्रममा गरेको बयानको आधारमा पतञ्जलिले हदबन्दीभन्दा बढी जग्गा खरिद गरेकोमा जुन प्रयोजनका लागि हदबन्दी छुट दिने निर्णय भएको हो सो प्रयोजनमा उपयोग नगरी कित्ताकाट गरी बिक्री गरेको देखिएको जनाएको छ । मन्त्रिपरिषद्बाट हदबन्दी छुटमा पाएको जग्गा मन्त्रिपरिषद्कै निर्णयबाट बिक्री भएको पाइएपछि अख्तियारले छानबिन सुरु गरेको थियो । नेपाल प्रधानमन्त्री हुँदा पतञ्जलि योगपीठले काभ्रेको साँगामा जडीबुटी खेती र आयुर्वेद अस्पताल निर्माणका लागि हदबन्दी छुटमा जग्गा खरिद गरेका थिए ।

जबकि, भूमिसम्बन्धी ऐन, २०२१ अनुसार कुनै उत्पादनमूलक उद्योग वा व्यवसाय गर्न सरकारले हदबन्दीमा छुट हुनेगरी जग्गा राख्ने सुविधा दिन्छ । त्यस्तो जग्गा बिक्री गर्न पाइँदैन । सोहीअनुसार भारतको पतञ्जलि योगपीठले काभ्रेमा आयुर्वेद शिक्षालयदेखि अस्पताल र जडीबुटी फार्म सञ्चालन गर्न २०६४ सालमा कम्पनी दर्ता गरेको थियो । हदबन्दीभित्रको जग्गाले नपुग्ने भएपछि सरकारलाई हदबन्दी छुटमा जग्गा राख्ने अनुमति दिन आग्रह गरेको थियो । त्यही आधारमा नेपाल प्रधानमन्त्री छँदा मन्त्रिपरिषद् बैठकले १८ माघ, २०६६ मा पतञ्जलिलाई काभ्रेमा ८१५ रोपनी जग्गा किन्न छुट दिएको थियो । त्यतिबेला पतञ्जलिले करिब ६०० रोपनी जग्गा किनेको थियो । जग्गा किनेको केही महिनामा नै उसले जग्गा बेच्ने निर्णय गऱ्यो । कानुनतः हदबन्दी छुटको जग्गा बेच्न नमिल्ने र त्यसबारे सर्वोच्च अदालतको नजिर पनि छ । तर, कानुन र नजिरलाई बेवास्ता गर्दै नेपालको मन्त्रिपरिषद्ले बिक्री गर्न अनुमति दिने निर्णय गरेको थियो ।

■■■

## बजेट कानुन...

पनौतीले बुधबारमात्रै बजेट ल्याएको छ । लुम्बिनीमा रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका र सिद्धार्थनगर नगरपालिकामा बजेट सार्वजनिक भएको छैन । कर्णालीमा डोल्पाको सिद्धार्थनगर नगरपालिकामा बजेट आएन ।

गाउँपालिका राष्ट्रिय महासंघका अनुसार मधेसका नौ वटा गाउँपालिका, बागमतीको एक, गण्डकीका दुई, लुम्बिनीका दुई, कर्णालीको एक गाउँपालिकामा बजेट आउन बाँकी छ । स्थानीय तहको बजेट निर्माणका लागि कानुनले उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा एउटा समिति बनाउने परिकल्पना गरेको छ।समिति सदस्य भने कार्यपालिका सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहन्छन् ।

बजेटमा समावेश गर्नका लागि आफ्नो वडाका योजना बजेट तथा कार्यक्रम पेस गर्नुपर्ने जिम्मेवारी कानुनले वडा अध्यक्षहरूलाई दिएको छ । यो समितिले स्थानीय सरकारको आय र व्ययको प्रक्षेपणको सीमाभित्र रहेर तयार गर्ने बजेट त्यसपछि कार्यपालिका बैठकमा छलफल हुन्छ । नगरप्रमुखको नेतृत्वमा रहने कार्यपालिकाबाट पारित भएपछि मात्रै बजेट गाउँ वा नगरसभामा पेस र छलफलपछि पारित हुने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनले गरेको छ ।

आर्थिक विधेयक पारित नभएसम्म त खर्च र आम्दानी सबै रोकिन्छ । गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेका अनुसार यसले नागरिकलाई अप्ठ्यारो पार्छ । तर, तलब र सामाजिक सुरक्षाभत्ता वितरणको कुरा फुकाउन पनि सकिने प्रावधान छ ।

अध्यक्ष पाण्डेले स्थानीय तहको बजेट साउनअघि पारित नहुँदा स्थानीय तहबाट हुने भौतिक निर्माण, खरिद, तालिम तथा भ्रमण अवलोकनजस्ता कार्यक्रम पनि रोकिने बताइन् । बजेट समयमा पारित नगरेर 'बजेट होलिडे' अर्थात् खर्च गर्न नसक्ने अवस्था हरेक वर्ष कयौं स्थानीय सरकारमा देखिने क्रम रोकिएको छैन ।

संघीयताविद् डा. खिमलाल देवकोटाका अनुसार स्थानीय तहको प्रमुख वा अध्यक्ष एउटा पार्टी र उपप्रमुख वा उपाध्यक्ष अर्को पार्टीबाट निर्वाचित भएको ठाउँमा बजेट ल्याउनै सकस भएको देखिएको छ । अर्थात् दलीय टकरावकै कारण धेरै स्थानीय तहले बजेट ल्याएनन् ।

■■■

## जापानमा श्रमिक...

श्रमिकको काम, गुनासो, सेवा सुविधा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कल्याणकारी सेवाको सञ्चालन, कामदारको सम्पर्क विवरण, क्षतिपूर्ति तथा परिपूरणको सुनिश्चितता नियमितरूपमा रजिस्टर्ड सपोर्ट अर्गनइजेसनले गर्नुपर्ने छ । यसको विवरण जापानको अध्यागमन विभाग र नेपाली दूतावासलाई उपलब्ध गराउनुपर्ने छ ।

नेपालस्थित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट इजाजत प्राप्त म्यानपावरहरूले मागपत्र प्रमाणीकरणका लागि दूतावासले तोकेबमोजिमको कागजात जुटाउनपर्ने छ । दूतावासमा प्राप्त मागपत्र १५ दिनभित्र प्रमाणीकरण हुने छन् । प्रमाणीकरण भएको मागपत्र दूतावासले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मार्फत विभागमा पठाउने छ ।

दूतावासले प्रमाणीकरण नगरेका मागपत्र भने श्रम मन्त्रालयमा आउने जनाइएको छ । मन्त्रालयले त्यस्ता मागपत्रलाई १५ दिनभित्र वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि, २०८० बमोजिम प्रमाणीकरण गरिदिनुपर्ने व्यवस्था छ । मागपत्र आएपछि इजाजत प्राप्त संस्थाले कम्तीमा १५ दिनको म्याद राखी राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गर्नुपर्छ ।

कार्यविधिमा श्रमिक छनोट प्रक्रिया पारदर्शी हुनुपर्ने भनिएको छ । यदि रोजगारदाताले श्रमिकको छनोट सरकारबाटै हुने भनेको अवस्थामा छनोटको सबै प्रक्रिया विभागस्थित जापान एकाइले सञ्चालन गर्ने छ । प्रवेशाज्ञा प्राप्त भएका श्रमिकलाई विभागले श्रम स्वीकृति दिने छ । यदि कुनै कारणले श्रमिकको ज्यान गए या उद्धार गर्नुपर्ने भए त्यसको खर्च रोजगारदाताले नै व्यहोर्नुपर्ने छ ।

### म्यानपावरको योग्यता

श्रमिक पठाउनका लागि म्यानपावर कम्पनीले एसएसडब्ल्यू प्रणालीबमोजिमको मापदण्ड पूरा गरेको हुनुपर्छ । श्रमिक पठाउने म्यानपावरसँग रोजगारदाताको आवश्यकता अनुसारको भाषा र सीपको परीक्षणका लागि वा रोजगारदाता स्वयं आएर भाषा र सीपको परीक्षण गर्ने भएमा तोकिएको मापदण्डबमोजिमको तालिम केन्द्र वा पूर्णकालीन उपयोग गर्न सकिने तालिम केन्द्र हुनुपर्ने छ । सो तालिम केन्द्रमा जापानी भाषा प्रशिक्षणको प्रमाणपत्र पाएको कम्तीमा दुई जना प्रशिक्षकसमेत हुनुपर्ने कार्यविधिमा उल्लेख छ ।

इजाजत प्राप्त संस्थाले एसएसडब्ल्यू प्रणालीको माग संकलन, प्रमाणीकरण तथा सहजीकरण एवं नेपाली कामदारका लागि आवश्यक कल्याणकारी सेवा तथा कार्यहरू गर्ने प्रयोजनका लागि जापानमा कानुनीरूपमा दर्ता भएको आफ्नै सम्पर्क शाखा या यस्तो काम गर्न अनुमति प्राप्त सपोर्ट अर्गनाइजेसनसँग सम्झौता गरेको हुनुपर्ने प्रावधान कार्यविधिको दफा ४ मा उल्लेख छ । अर्गनाइजेसनले म्यानपावर या श्रमिकसँग कुनै शुल्क लिन पाउँने छैनन् ।

■■■

## संयुक्त पुन...

मन्त्री भण्डारीले सामाजिक सुरक्षाको पहुँच विस्तारका साथै देश फर्किने श्रमिकहरूलाई पेन्सन र अन्य सेवा-सुविधा उपलब्ध गराउने नीति अवलम्बन गरिएको जानकारी गराउँदै अब आर्थिक र सामाजिक पुनःएकीकरण कसरी सहज बनाउने भन्ने स्पष्ट खाका तयार पार्नुपर्ने जरुरी रहेको बताए ।

उनले जिसिएमको उद्देश्य १८ को चर्चा गर्दै सीप विकास र आपसी मान्यताको महत्त्व औंल्याए । एसिया-जिसिसी सीप मान्यता ढाँचा निर्माणको प्रस्ताव अघि सार्दै दक्ष जनशक्तिको सुगम प्रवाहमा सहयोग पुऱ्याउने मन्त्री भण्डारीले विश्वास व्यक्त गरे । वैदेशिक रोजगारीमा देखिएका ठगी, मृत्युजाल, ऋणजाल र डिजिटल जालजस्ता जोखिमविरुद्ध सरकारले शून्य सहनशीलता नीति अवलम्बन गरेको उल्लेख गर्दै मन्त्रीले एसिया-जिसिसी संयुक्त कार्यदल गठन गरी नीति समन्वय गर्दै ठगी नियन्त्रण गर्न आवश्यक रहेको बताए । सुरक्षित आप्रवासन कार्यक्रम देशका सबै ७७ जिल्लामा विस्तार गरिएको बताउँदै अझ प्रभावकारी कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे ।

### आप्रवासन बाध्यता होइन विकल्प हुनुपर्छ : श्रमसचिव

संवाद कार्यक्रमको उद्घाटनसत्रमा बोल्दै श्रम मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले बदलिँदो क्षेत्रीय परिस्थिति, विशेषतः इरान-इजरायलबीचको पछिल्लो तनाव र त्यसबाट उत्पन्न आप्रवासन चुनौतीहरूको सन्दर्भमा 'ग्लोबल कम्प्याक्ट फर माइग्रेसन'को कार्यान्वयनमा सहकार्य र साझा प्रतिबद्धता अपरिहार्य भएको उल्लेख गरे । 'हामीले नियमित आप्रवासनका मार्गहरू केवल विस्तार गर्न होइन, सुरक्षा, समानता र दिगोपनाका साथ गुणस्तरीय बनाउनेतर्फ ध्यान दिनुपर्छ,' उनले भने, 'आप्रवासन बाध्यता होइन, विकल्प हुनुपर्छ । दिगो विकास लक्ष्य, मर्यादित रोजगारी, असमानता न्यूनीकरण र वैश्विक साझेदारी साकार पार्न आप्रवासन व्यवस्थापन अपरिहार्य छ ।'

नेपालका लागि वैदेशिक रोजगार रेमिटचान्समुखी अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको पुष्करले बताए । खाडी मुलुकहरूमा कार्यरत १५ लाखभन्दा बढी नेपाली आप्रवासी श्रमिकबाट प्राप्त रेमिटचान्सले नेपालको कूल गार्हस्थ उत्पादनको झण्डै २५ प्रतिशत हिस्सा ओगटेको बताए ।

नेपाल क्षेत्रीय श्रम आप्रवासनका लागि स्थापित मञ्चहरू कोलम्बो प्रक्रिया र अबु धाबी संवादमासमेत सक्रिय रहेको स्मरण गराउँदै सचिव पुष्करले अबको प्राथमिकता प्रमाण आधारित नीति संवाद, सीपको पारस्परिक मान्यता, सामाजिक सुरक्षा हस्तान्तरण र प्रवासी श्रमिकको गुनासो समाधान प्रणाली विकासमा केन्द्रित हुनुपर्ने धारणा राखे ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी भएको हक दावी सम्बन्धी ३५ दिने सूचना**

प्रकाशित मिति २०८२/०३/१२ गते

यस कार्यालयमा मिति २०६६/१२/०९ मा दर्ता भएको **स्वीट ड्रिम ट्राभल्स एण्ड टुर्स प्राइभेट लिमिटेड (प्रा.लि.नं. ७१५१९)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५ (पैतिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/१२/२० मा दर्ता भएको **प्रा.लि. नं. ६१५९६/०६४/०६५** को **एक्टिभ ईन्भेष्टमेन्ट प्राइभेट लिमिटेड** को मिति २०८२/०३/०५ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः अधिवक्ता दुर्गा प्रसाद खनाल**
**ठेगानाः लयर्स एण्ड लयर्स एसोसिएट्स थापाथली, काठमाडौं, फोन नं. ९८५११२५६००**

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/१२**

**हिलटन एकेडेमी** को मिति २०८२/०२/०६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निमस्वे एकेडेमी प्रा. लि. (प्रा.लि. नं. १३७४४२)** कायम गर्ने गरी मिति २०८२/०२/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/०३/०७ का दिन ईमाडोल कमलपोखरी टेम्पोपार्क, ललितपुरबाट रातको ७:०० देखि ९:०० बजेको बिचमा निम्न व्यहोरा भएको मोटरसाईकल हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गरिन्छ ।

**सवारी धनीको नाम : तेज मान तामाङ**
**बाइक नं.: बा.प्र. ०२-०५२ प ६३८३**
**च्यासिस नं.: MD2A11CX6RPD-57927**
**इन्जिन नं. : DHXPRD74502**
**रंग : कालो /रातो**
**मोडल : बजाज पल्सर, १५० cc**
**सम्पर्क: ९८४१४६२६३५**

---

**ललितपुर महानगरपालिका, १४ वडा कार्यालय, तिखेदेवल, ललितपुर, वागमती प्रदेश, नेपाल**

**संधियार चार किल्ला बुझ्ने सम्बन्धी ३५ दिने सूचना**

**प्रथम प्रकाशित मितिः २०८२/०३/१२**

श्री पूर्ण बहादुर थापाको नाममा दर्ता श्रेस्ता कायम रहेको हालको ललितपुर महानगरपालिका वडा नं. १४ को साविक वडा नं. ५ (ल) कि.नं. २४ को क्षेत्रफल २-२-२-०को जग्गामा नयाँ घर निर्माण गर्नका लागी नक्शा पास गरी पाँऊ भनी मिति २०८२/०२/२७ गतेका दिन यस वडा कार्यालयमा निवेदन दिनु भएको, मिति २०८२/०१/११ गते यस वडा कार्यालय बाट सूचना जारी गरी पटक-पटक सँधियारको नाममा जारी १५ दिने सूचना बुझाउन जाँदा रूकुम जिल्ला, टकसेरा गाउँपालिका, वडा नं. ०३ बस्ने श्री तारा बुढाको नाममा दर्ता श्रेस्ता कायम रहेको हालको ललितपुर महानगरपालिका वडा नं. १४ को साविक वडा नं. ५ (ल) कि.नं. २४१ र ३३० को उत्तरका सँधियार फेला नपरेको उहाँ फिल्डमा अनुपस्थित हुनु भएकोले नक्शा पास कार्य रोकिएको हुनाले यदि कोही कसैलाई दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सबुत प्रमाणसहित यस १४ वडा कार्यालयमा उपस्थित भई आफ्नो चार किल्ला पत्र बुझि दिनु हुन अनुरोध गरिन्छ । यदि तोकिएको अवधिमा यस वडा कार्यालयमा उपस्थित भई चार किल्लाको म्याद बुझि लिन नआएमा प्रचलित कानून बमोजिम नक्शापास प्रक्रिया अघि बढ्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

---

NCPA

**राष्ट्रिय श्रष्टा तथा प्रस्तोता प्रतिष्ठानको बिशेष साधारणसभा बस्ने सम्बन्धी**

**अत्यन्त जरूरी सूचना**

राष्ट्रिय श्रष्टा तथा प्रस्तोता प्रतिष्ठानको मिति २०८२/०३/०८ गते आईतबार सम्पन्न आकस्मिक बैठकले मिति २०८२/०३/१४ गते शनिवार संस्थाको कार्यालय अनामनगरमा संस्थाको बिधान संसोधन तथा पदाधिकारी थपघट लगायतका बिषयमा छलफल गर्नुपर्ने भएकोले सम्पूर्ण पदाधिकारी एवं सदस्यज्युहरूले यहि सूचनालाई आधार मानि उपस्थित हुन अनुरोध गर्दछौं ।

**दिपक शर्मा**
महासचिव
**राष्ट्रिय श्रष्टा तथा प्रस्तोता प्रतिष्ठान**

---

## पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी
मधेश प्रदेश , नेपाल

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धि सूचना**

**प्रकाशित मितिः २०८२/०३/१२**

मिति २०८२/०२/०९ गतेमा प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन् आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद एन, २०६३को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| S.No. | Contract No: | Description of Work: | Name of The Bidder. | Bid Amount (with out Vat) |
|---|---|---|---|---|
| 1 | PRM/NCB/W/81/82/04 | Sahodawama sauchalya plaster parking sthan bidhutikaran karya | ShreeBaalaji Construction:Aurahi Municipality, Mahottari, Nepal | Nrs.3759726.82/- |

प्रमुख प्रशासकिय अधिकृत

---


**साउदीमा रोजगार** कम्पनी : **NEBRAS SUPPLIES GENERAL CONTRACTING ESTABLISHMENT**

पूर्व स्वीकृति मिति : २०८२/०३/११ LT. No. 326165 चलानी नं. ६०२४०१६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 4 | 0 | 1800 | ६५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AAKRITI Recruiting Pvt. Ltd. LIC No. 917/067/068
AAKRITI RECRUITING PVT. LTD
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-4110811, 4110823
E-mail : kunchha@arplteam.com, kunchhanepal@gmail.com, Web: www.arplteam.com



**साउदीमा रोजगार** कम्पनी : **ABDULLAH AHMED AL-SUBHAN FOUNDATION**

पूर्व स्वीकृति मिति : २०८२/०३/११ LT. No. 326197 चलानी नं. ६०२४०१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 3 | 0 | 1200 | ४३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १९ गते (3rd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**साउदीमा रोजगार** कम्पनी : **QASR AL BASHA JUICES EST FOR JUICES**

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 325981 चलानी नं. ६०२३९९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 6 | 0 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AL JOMAIH AUTO RENTAL COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०३/११ LT. No. 326154 चलानी नं. ६०२४०१६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Washers | 3 | 0 | 1200 | ४३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १९ गते (3rd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२



**साउदीमा रोजगार** कम्पनी : **INTERPLAST COMPANY LIMITED**

पूर्व स्वीकृति मिति : २०८२/०३/१० LT. No. 326161 चलानी नं.६०२४०१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | packing and packaging worker | 2 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Plastic Assembly Labour | 1 | 0 | 1000 | ३६,६६० | | | | | | | |

कम्पनी : **SUPER CAR CARE FOUNDATION**

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 325010 चलानी नं.६०२४०१६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 2 | 0 | 1100 | ४०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SHAMOUKH AL KHALIDIYA CONTRACTING ESTABLISHMENT**

पूर्व स्वीकृति मिति : २०८२/०३/१० LT. No. 326086 चलानी नं.६०२४०१६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 5 | 0 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MAJID FAHID AL MUTAIRI CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०३/१० LT. No. 326160 चलानी नं.६०२४०१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABORER | 4 | 0 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **IQBAL RASHID AL DOSARI FOUNDATION**

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 324934 चलानी नं.६०२४०१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loaders(labour) | 4 | 0 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **HEKAYAT EL BAHAD CAFE EST.**

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 325978 चलानी नं.६०२४०१७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1400 | ५१,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ESTABLISHMENT MOHARAH AL TAMIZ FOR OPERATION AND MAINTENANCE**

पूर्व स्वीकृति मिति : २०८२/०३/०३ LT. No. 325765 चलानी नं.६०२३९९६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 4 | 0 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AL FAHAD SMART FAST LAUNDRY**

पूर्व स्वीकृति मिति : २०८२/०३/०३ LT. No. 325795 चलानी नं.६०२४०१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LAUNDRY WORKER | 1 | 0 | 1100 | ४०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १९ गते (3rd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

# ललितपुर महानगरपालिकाले ल्यायो ‘डिजिटल करियर सर्भिस प्लेटफर्मट




**पाटन (ललितपुर)–** ललितपुर महानगरपालिकाले आन्तरिक रोजगारी र शैक्षिक अवसरको जानकारी दिन ‘डिजिटल करियर सर्भिस प्लेटफर्म’ को सुरुआत गरेको छ। रोजगारदाता, उपयुक्त रोजगारी र अध्ययनको अवसरबारे जानकारी दिँदै समस्या समाधान गर्ने अभिप्रायले महानगरको रोजगार सेवा केन्द्रले ‘स्किल ल्याब’सँगको सहकार्यमा बुधबारबाट डिजिटल करियर सर्भिस प्लेटफर्म सुरुआत गरेको हो ।

आन्तरिक रोजगार प्रवर्द्धन अभियान सञ्चालनका लागि डिजिटल करियर सर्भिस प्लेटफर्मको उद्घाटन कार्यक्रममा मन्तव्य राख्दै महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ललितपुरले सूचना प्रविधि क्षेत्रबाट नागरिकलाई प्रभावकारी सेवा प्रदान गर्नेतर्फ ध्यान दिएको बताए।

‘हामी कर्मकाण्डी काम होइन, सूचना प्रविधिमैत्री, नागरिकमैत्री सेवा र जनहितकारी काम गरिरहेका छौं, अहिलेको जमानामा सूचना प्रविधिको विषयमा नै प्रतिस्पर्धा छ, प्रतिस्पर्धामा सफल भएर काम गर्न सक्नुपर्छ, सूचना प्रविधि क्षेत्रमा आउने नयाँ-नयाँ नवप्रवर्तनमा आफूलाई अभ्यस्त राख्नुपर्छ, तसर्थ ललितपुर महानगरलाई सूचना प्रविधिको केन्द्र बनाउने हाम्रो लक्ष्य छ,’ उनले भने ।

प्रमुख महर्जनले बुधबार उद्घाटन गरेको डिजिटल प्लेटफर्मलाई समयसापेक्ष परिमार्जन गरेर लैजाने बताए । उनले एउटै मानिसले १२ वटा तालिम लिने अनि उसले कुनै पनि काम नपाउने र काम खोज्न भौतारिने अवस्था अन्त्य गर्नुपर्नेमा जोड दिए ।

उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले अनलाइनमार्फत अवसरको खोजीका लागि नयाँ प्रयोगको भएको जनाउँदै सबै युवाका लागि कोशेढुंगा सावित हुने बताइन् । उनले रोजगारदाताको आवश्यकताअनुसारको रोजगार खोज्ने व्यक्तित्व प्राप्त गर्न र आफ्नो चाहना अनुसारको रोजगारी खोज्न सजिलो हुने भन्दै योग्यताबमोजिम रोजगारी चयन गर्न आग्रह गरिन् । उनले पाइयो भन्दैमा आफ्नो रुचि, योग्यता र क्षमताभन्दा फरक खालको काम र रोजगारीमा नलाग्न आग्रह गरिन् । उनले हाम्रो देशमा सम्भावना छैन, मेरो घरमा केही छैन भन्ने सोचलाई चिर्दै अवसर र सम्भावनालाई उपयोग गर्न आग्रह गरिन् ।

स्किल ल्याब एसियाका प्राविधिक शिरिजङगहाङ राईले शिक्षादेखि रोजगारीसम्मको अवसरका लागि जानकारी दिनका साथै सहज बनाउन यो ‘प्लेटफर्म’ महत्त्वपूर्ण हुने बताए। रोजगार सेवा केन्द्र प्रमुख लक्ष्मी कार्कीले ललितपुर महानगरले छ वर्षदेखि रोजगार सेवा केन्द्र स्थापना गरेर सेवा पुऱ्याउँदै आएको जानकारी गराए । युवामा सीप, शैक्षिक योग्यता र सम्भावनाको अवसर हुँदाहुँदै पनि जानकारीको अभाव, सूचना पहुँचको कमी तथा रोजगारदातासँगको समन्वयको कमीले गर्दा यहाँका धेरै युवा अस्थायी तथा असुरक्षित रोजगारीमा संलग्न छन् । यिनै चुनौतीको समाधानस्वरूप ललितपुरका युवालाई आफ्नै सहरमा अवसर पाउन सहयोग गर्ने ‘डिजिटल क्यारियर सेवा प्लेटफर्म’ एक सशक्त माध्यम भएको उनको भनाइ छ ।

यस प्लेटफर्मले ललितपुरका शैक्षिक संस्था, प्राविधिक तालिम केन्द्र, उद्योग/व्यवसाय तथा रोजगारी खोजी गरिरहेका युवाबीच सीधा र स्मार्ट डिजिटल समन्वय गर्ने छ। यसले महानगरमा भएका साना, मझौला तथा ठूला व्यवसायलाई उपयुक्त जनशक्ति पाउन सहयोग गर्ने छ भने युवाले आफ्नो प्रोफाइल बनाउँदै आफूयोग्य रोजगारी खोज्न सक्ने छन् ।

महानगरको विविध समुदायका युवा महिला, सीपयुक्त श्रमिक, विपन्न वर्ग, अपांगता भएका व्यक्ति र प्रवासबाट फर्किएकाहरू यस प्रणालीमार्फत सेवाबाट लाभान्वित हुने छन् भन्ने विश्वास महानगरले लिएको रोजगार सेवा केन्द्र प्रमुख कार्कीले बताए । उनका अनुसार यस प्लेटफर्मले डिजिटल पहुँच हुने र नहुनेबीचको खाडललाई कम गर्दै यो प्रणालीले समान अवसर तथा समावेशी रोजगार सेवा प्रवाह गर्न सहयोग गर्ने छ । यो कार्यक्रमले महानगरपालिकालाई स्मार्ट रोजगार सेवाको नमूना नगरको रूपमा विकास गर्न महत्त्वपूर्ण योगदान दिने र यसबाट युवाको भविष्य उज्ज्वल हुनुका साथै महानगरको समग्र विकासमा समेत दीर्घकालीन सकारात्मक प्रभाव पार्ने र युवापलायन कम हुँदै स्थानीय जनशक्तिको सदुपयोग बढ्ने उनले बताए । *रासस*

# विपद्मा भनसुनका आधारमा सवारीसाधन चलाउन नदिन गृहमन्त्रीको निर्देशन



**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले कुनै ठाउँमा भारी वर्षा हुने भनिसकेपछि सवारीसाधन बन्द गरिएको अवस्थामा चलाएको पाइए त्यो प्रमुख जिल्ला अधिकारीसहित जिल्लाका प्रहरी र ट्राफिक प्रहरीका जिम्मेवार अधिकारीलाई कारबाही गर्ने चेतावनी दिएका छन् ।

बुधबार गृह मन्त्रालयले आयोजना गरेको सडक क्षेत्रमा हुनसक्ने विपद्को पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी बैठकमा उनले मनसुनका बेला हुनसक्ने सडक दुर्घटना न्यूनीकरणका लागि गरिएका निर्णय र बनाइएका आचारसंहिता कार्यान्वयनमा जोड दिए । उनले उक्त निर्णयका बारेमा आमनागरिकसम्म पुऱ्याउन सूचना प्रवाहमा ध्यान दिन आग्रहसमेत गरे ।

‘कुनै ठाउँमा भारी वर्षा हुने भनिसकेपछि सवारीसाधन चल्नु हुन्न भनिसकेपछि कुनै जिल्लामा सवारीसाधन भेटियो भने त्यो जिल्लाको प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख र ट्राफिक प्रहरीलाई कारबाही गरिने छ,’ उनले भने, ‘कारण देखाउनुपर्ने छैन, बिरामी र एम्बुलेन्स छ भने त्यो एउटा विषय बन्ला होइन भने सामान्य गाडी कसैको भनसुनका आधारमा चलाइएको पाइए कारबाहीको विषय बन्छ ।’ उनले उक्त विषय गृहसचिव र प्रहरी प्रमुखहरूलाई तल्लो तहसम्म सर्कुलर गर्न निर्देशनसमेत दिए ।

पहिरोले सडक अवरुद्धका साथै सवारीसाधनसमेत बगाउने अवस्था आउने गरेको भन्दै गृहमन्त्री लेखकले सडक सञ्जाल अवरोध हुँदा धेरै समस्या सिर्जना हुने गरेको बताए । ‘विपद्जन्य घटना हुँदा सर्वसाधारणले सबैभन्दा पहिले सम्झिने सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिलाई हो,’ उनले भने, ‘सूचना प्रवाह धेरै महत्त्वपूर्ण छ, विपद्का बेला सडक दुर्घटनामा नागरिकको जिउधनको बचाउ गर्ने चालकलाई पुरस्कृत र अटेरी गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।’


## जापानमा रोजगार

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 326199 | चलानी नं. ६०२४०१८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AUTOMOBILE | 3 | 0 | 177746 | १,६८,१७८ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80



## युएइमा रोजगार

कम्पनी : AL SAHRAA RECRUITMENT SERVICES UAE

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 326195 | चलानी नं. ६०२४०१८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 1500 | ५६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
LIC No. 615/063/64
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



## We are Hiring!! (Urgent)

### Travel Consultant

With nearly 3 decades of crafting unforgettable travel experiences, Adventure World Trails & Travels is recognized as one of Nepal's premier travel agencies and Destination Management Companies. If you have a passion for adventure, exceptional communication skills, and a proven ability to manage projects and coordinate with diverse stakeholders, we invite you to apply!

**Position:** Travel Consultant

**Required number:** 1

**Job Description:**
1. Assist in the development, planning, and coordination of diverse adventure tours, treks, and travel packages.
2. Provide essential administrative support, including scheduling, event coordination, and facilities oversight to maintain efficient back-office operations.
3. Prepare comprehensive travel documents, proposals, and presentations using various technical tools.
4. Conduct thorough research on destinations, logistics, and emerging travel trends to enhance our offerings.

**Required Qualifications and Experiences:**
1. Bachelor's degree in Business, Finance, or a related field;
2. At least 2 years of professional experience in customer-facing roles, project coordination, administrative roles;
3. At least 2 years of experience in related field in foreign jurisdiction;
4. Proven ability to conduct detailed research, manage multiple tasks, and maintain strong organizational practices;
5. Demonstrated leadership abilities, strong interpersonal skills, and a collaborative team player mindset; and
6. Strong English language proficiency, both written and verbal, through high-level academic and professional experiences.

**Selection Method:**
1. Shortlisting of candidates based on their resume and experience.
2. Further selection process may include interviews.

**Interested and qualified candidates may send an updated resume with a passport sized photograph to Human Resources Department at advworldnepal@gmail.com latest by (10th July 2025).**


## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालय

### दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०३/१२**

यस कार्यालयमा मिति २०७७/०९/२९ मा दर्ता भएको **अब्बल मल्टी बिजनेस कम्पनी प्राइभेट लिमिटेड (प्रा.लि.नं.२५२८१८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशत गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नयमानुसार खारेज गरिनेछ ।

### अधिकृत वारेशनामा बदर गरिएको बारेको सूचना

लिखितम हामी तपसीलका चार मानिसहरू (अनुपमान मास्के/सुरेन्द्र राज श्रेष्ठ/सीता महर्जन/आनन्द प्रसाद श्रेष्ठ) आगे हामीहरूका नाउँमा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा संयुक्त दर्ता श्रेस्ता कायम रहेको आज अघि अरू कसैलाई कुनै किसिमको लिखत तथा हक छाडी नदिएको हामीहरूको हकभोगको जग्गाहरू कित्ताकाट गर्नु पर्ने भए सो समेत गरी उक्त जग्गा पूरा बेचविखन, राजिनामा रजिष्ट्रेशन गरी बिक्री वितरण गर्नु पर्नेमा हाम्रो घरायसी काम अवस्थाले गर्दा सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भै उल्लेखित कार्य गर्न असमर्थ भएको हुनाले ऐनले अधिकृत वारेस दिन मिल्ने हामीहरूका आफ्ना मानिस नेत्रलाल अधिकारीको नाति मुक्तिनाथ अधिकारीको छोरा धादिङ्ग जिल्ला मैदी गा.वि.स. वडा नं. १ बस्ने वर्ष ५३ को **भरत राज अधिकारी** (ना.प्र.नं. ५२ मिति २०३७/०५/२३ जि.प्र.का. धादिङ्ग) लाई मुलुकी ऐन आ.वं. ७१ ख. र रजिष्ट्रेशनको ११ क. नं. बमोजिम यो अधिकृत वारेस मुकरर गरिएका छौं । निज अधिकृत वारेसले सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई तपसीलमा उल्लेखित जग्गाहरू कि.नं ४८६ र कि.नं. ६२ तथा सिट नं. ०९८२-२५ / ०९८२-२५ गरी वा पूरै जो कसैलाई बेचविखन रजिष्ट्रेशन, राजिनामा गरि हक हस्तान्तरण गरेमा समेत हाम्रो पूर्ण मञ्जुरी छ ।

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १२ गते विहीबार)

श्री प्रसाद गुरुङ्गको बुहारी, अर्जुन प्रसाद गुरुङ्गको श्रीमती, गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं ०८ बस्ने वर्ष ७१ की गौरि गुरुङ्गको मिति २०८२/०२/२७ मा मृत्यु भएकोले निजको नाममा यस विकास बैंक लि.को शाखा कार्यालय महेन्द्रपुलमा रहेको बचत खातामा भएको निक्षेप रकम भुक्तानी पाउँ भनी गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं ११ बस्ने मृतक गौरि गुरुङ्गको बहिनी श्रीमती अन्जु गुरुङ्गले निवेदन दिनुभएकोले उक्त बचत रकममा निज निवेदक वाहेक अन्य कोही कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ (२) बमोजिम अग्राधिकार वाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विकास बैंकको शाखा कार्यालय महेन्द्रपुल मा सबुत प्रमाण सहित दावी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही नहुने र म्याद भुक्तान पश्चात कसैको दावी परेमा निवेदकको दावी बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


## साउदीमा रोजगार

कम्पनी : LUCID INVESTMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 326158 | चलानी नं. ६०२४०१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | load & unload worker | 12 | 0 | 1000 | ३६,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

## युएइमा रोजगार

कम्पनी : SARI AL-TURUQ TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 326159 | चलानी नं. ६०२४००९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 2 | 0 | 1800 | ६५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GLOBAL OVERSEAS SERVICES PVT. LTD
Opposite of Chirayu National Hospital, K.M.C. - 03, Basundhara, Kathmandu, Tel: 01- 4377864, 4371146
Email: info@globaloverseas.com.np, info.gos96@gmail.com, Web: www.globaloverseas.com.np
श्रम इजाजत नं. ७९/०५२/५३

## युएइमा रोजगार

कम्पनी : NORTH FIRM HOSPITALITY SERVICES CO.LLC

पूर्व स्वीकृति मिति : २०८०/०७/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 294812 | चलानी नं. ६०२०९९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 15 | 900 | ३३,६९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 15 | 0 | 800 | २९,९५० | | | | | | | |
| 3 | Security Guard | 50 | 0 | 1200 | ४४,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम इजाजत नं. ७८८/०६५/०६६

## मलेसिया/साउदीमा रोजगार

कम्पनी : SBK FARMS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 326148 | चलानी नं. ६०२४०१०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 2 | 0 | 1700 | ५५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

कम्पनी : ALFAW FOR OPERATION AND MAINTENANCE COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 326219 | चलानी नं. ६०२४०१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 7 | 0 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ असार २३ गते (7th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मितिः २०८२/०३/१२**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सम्सी, महोत्तरी बाट तपसिलमा उल्लेखित तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**

श्री जुगल राय यादव/श्रीमती जयकल देबी नाती, श्री महेन्द्र प्रसाद यादव/श्रीमती राज कुमारी देबी को छोरा, श्रीमती बबीता कुमारी यादवको पति, मधेश प्रदेश, महोत्तरी जिल्ला गैढाभेटपुर गा.वि.स. वडा नं.५ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. ०४ बस्ने वर्ष ३६ को श्री **पप्पु कुमार यादव** (ना.प्र. नं.३०६९३०१८, जारी मिति वि.स.२०६३/०४/०८, जि.प्र.का. महोत्तरी)

**जमानीकर्ताको नाम र ठेगाना**

श्री महेन्द्र प्रसाद यादव/श्रीमती राज कुमारी देबीकी बुहारी, श्री लालवावु यादव/श्रीमती लिला देबीकी छोरी, श्री पप्पु कुमार यादवकी, पत्नी, मधेश प्रदेश, महोत्तरी जिल्ला सम्सी गा.पा. वडा नं.४ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. ०४ बस्ने वर्ष २८ की श्रीमती **बबीता कुमारी यादव** (ना.प्र.नं. १८-०१-७४-०३६५९, जारी मिति वि.स.२०७४/०४/२४, जि.प्र.का. महोत्तरी)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कोरोना संक्रमण फेरि फैलना नदेऊ

कोरोना संक्रमण देखिएका एक बिरामीको विराटनगरमा मंगलबार मृत्यु भयो । पछिल्लो समय पूर्वका जिल्लाहरूमा आठ जनामा कोरोना संक्रमण देखिएको छ । पश्चिममा पनि कोरोना संक्रमणका बिरामी देखिन थालेका छन् । गृह मन्त्रालयअन्तर्गतको नेपाल कोभिड–१९ ड्यासबोर्डका अनुसार अहिले कोरोना लागेका सातजना बिरामी उपचाररत छन् । क्वारेन्टिन, आइसोलेसनमा बसेकाहरूको संख्या शून्य छ । अहिले भाइरल फ्लु भन्दै कतिपय बिरामी कोरोनाको जाँच गर्दैनन् । यसको मुख्य कारण त्रास वा समाजमा हुने छिछि दुरदुर नै हो । अहिले पनि कार्यालय वा समाजमा कोरोना संक्रमणलाई राम्रा मानिँदैन । तर मौसम परिवर्तनसँगै कोरोना भाइरसका लक्षण भएका बिरामी भित्रभित्रै फैलिएका छन् । मौसम परिवर्तनसँगै मानिसमा रुघाखोकी, ज्वरो, फ्लुजस्ता संक्रमण देखिन थालेको हो ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार भारतको सीमा क्षेत्रमा कोरोना भाइरसको संक्रमण देखिन थालेको छ । कञ्चनपुरमा पनि भारतबाट आउनेमा संक्रमण देखिएको थियो । असारको पहिलो हप्ता ५४ संक्रमण देखिएको थियो । भारतमा कोरोना संक्रमणको संख्या पछिल्लो हप्ता बढेको तथ्यांक छ । त्यहाँ बुधबारसम्ममा छ हजारबाट कोरोना संक्रमितको संख्या चार हजारमा झरेको भारत सरकारको कोभिड–१९ ड्यासबोर्डमा उल्लेख छ । यो अवधिमा त्यहाँ तीन जनाको मृत्यु भइसकेको छ ।

भारतसँग नेपालको खुला सीमाना छ । पहिले क्वारेन्टिनदेखि परीक्षण प्रणाली भए पनि अहिले त्यो छैन । त्यसैले पनि कोरोना फैलन नदिन सरकारले परीक्षण गर्नुपर्छ । कोरोना संक्रमित देखिएको ठाउँमा सरकारले एन्टिजेन पाइसकेको जनाएको छ । तर शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा पनि यसखाले बिरामी बढ्न थालेका छन् । कोरोना भाइरसविरुद्धको खोप नलगाएका व्यक्ति, दीर्घरोगी र ज्येष्ठ नागरिकमा यो रोग लाग्दा निकै जोखिम हुने गर्छ । यस्तो अवस्था भएकोले सरकारले पूर्वतयारीमा ध्यान दिनुपर्ने देखिन्छ ।

सरकारी अधिकारीहरूले भारतमा संक्रमण देखिएसँगै नेपालमा पनि यस्तो संक्रमण देखिन थालेको बताएका छन् । स्वास्थ्य मन्त्रालयले अहिले यस विषयमा विशेष चनाखो राख्नुपर्छ । देशभरका अस्पतालमा एन्टिजेन पुऱ्याउने, यसको मात्र बढाउने र परीक्षणमा पनि सरकारले ध्यान दिनुपर्छ । यसैगरी यसबाट निम्तिन सक्ने त्रास कम गराउन चेतनामूलक कार्यक्रम, मानसिक परामर्श कार्यक्रम पनि स्वास्थ्य मन्त्रालयले अघि बढाउनुपर्छ । यसैगरी स्थानीय तहलाई यस कार्यमा बढी जिम्मेवार बनाउनुपर्छ । नागरिकका तर्फबाट पनि कोरोना संक्रमण फैलन नदिने विशेष सावधानी अपनाउन जरुरी छ ।

# लोकतन्त्रको विकल्प 'परिस्कृत' लोकतन्त्र



■ मनोहर कार्की

मुलुकले लोकतान्त्रिक संघीय गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गरेको केही समय भइसक्यो । हामीले हासिल गरेका उपलब्धिको संस्थागत विकासमा भएका प्रयासले विशेष महत्त्व राख्दछ । नेपालको संविधान २०७२ का भावना र मर्मलाई आत्मसात् गर्दै देशले संघीय संसद्, प्रदेशसभा तथा स्थानीय तहको गत्यात्मकता र राजनीतिक चलायमानले अनुप्राणित हुने जमर्को गर्दै छ । लोकतन्त्रको विकल्प भनेको परिस्कृत लोकतन्त्र नै हो ।

हामीले अभ्यास गरी आएको संघीय लोकतान्त्रिक शासन प्रणालीका केही सारभूत विशेषता रही आएका छन् । राज्यशक्ति, राज्य सञ्चालनका विधि र मान्यतामा सारभूत परिवर्तन ल्याएका छौं । सिंहदरबारको अधिकार गाउँ-गाउँसम्म पुऱ्याउने मूल ध्येयलाई करिब एक दशकको अभ्यासले केही हदसम्म रूपान्तरणगामी प्रतिविम्बको छनक दिने जमर्को गरेको छ । स्थानीयस्तरमा जनप्रतिनिधिमूलक संस्थाका क्रियाशीलता र सक्रियतामा उत्साह थप्ने प्रयासमा केही सकारात्मक कार्य भएका छन्, तर पर्याप्त र जनउत्तरदायी भावनाले जनबोली र व्यवहारको मियोलाई उजिल्याउन सकेको छैन । विकासलाई सामान्य जनमानसले बुझ्ने पाटोका रूपमा सडक, खानेपानी, विद्यालय शिक्षा, स्वास्थ्य सेवालगायतका विकाससँग जोडिएका क्रियाकलापमा जनताले अवश्य पनि अनुभूति महसुस गरेका छन् ।

हिजोआज राजधानीका सडक र सार्वजनिक ठाउँहरूमा विभिन्न हित समूह आफ्ना माग लिएर निरन्तर चलायमान भइरहेका छन् । हित समूहका माग र मागलाई आमजनचासोको विषय बनाउनेभन्दा नितान्त फरक शैली र सोचका साथ भीडतन्त्र र अराजकताको शैलीमा प्रस्तुत हुनु निन्दनीय छ । वाक स्वतन्त्रता तथा विचार र अभिव्यक्ति स्वतन्त्रताले निकै हदसम्म सापेक्षता बोकेको हुन्छ । यस्ता हित समूह, राजनीतिक क्रियाकलापमा लोकतान्त्रिक संस्कार र कार्यकर्ता परिचालनको सहभागितामा राजनीतिक संस्कारसहितको सहभागिता सबैको चासो र सरोकारको विषय रहला ।

नकारात्मक भाष्यले हाम्रो समाजमा जरो गाडेको छ । यो भाष्य हिजोको प्रतिगामी सोच र चिन्तनको निकम्मा अभ्यासमात्र हो । जडसूत्रवादी तथा प्रतिगमनकारी पुरातन विचार, संकुचित संस्कार र जनविरोधी विचार बोक्ने केही झुण्डको अनर्गल प्रचारवाजीको भ्रममा जनतालाई दिग्भ्रमित पार्ने प्रयास कोण-प्रतिकोणबाट भइरहलान् । सचेत नागरिक समाज, लोकतन्त्रका हिमायतीले संघीय लोकतान्त्रिक व्यवस्थाका उत्कृष्ट मूल्य र मान्यतालाई निरन्तर पैरवी र जनचासोको विषय बनाउने दिशामा क्रियाशील रहनु, सजग रहनु व्यवस्था र प्रगतिप्रति सकारात्मक रहनुपर्दछ । केही भएन, केही हुँदैन, सरकारको अनुभूति नै भएन भन्नेजस्ता अनर्गल प्रचारबाजी चलि नै रहला । सचेत जनता निकै कुरा बुझ्छन् र त्यसको प्रतिवाद गर्ने शक्ति र तागत जनतामा छ । विकास र परिवर्तनको आभाष गाउँबेँसी र दूरदराजका पाखा पखेरोसम्म पुगेका छन् । ठूला कुरा गर्ने र अनर्गल प्रचारवाजी दुवै लोकतन्त्र र समावेशीताका विरोधी हुन् ।

> जनताको निर्णय र राजनीतिक क्रियाकलापमा सहभागिताले लोकतन्त्रलाई जीवनदायी बनाउँदछ । जनताका निर्णय शक्तिलाई कुनै पनि राजनीतिक दल तथा राजनीतिक संस्थाहरूले नजरअन्दाज गर्न सक्दैनन् । लोकतन्त्रलाई फगत आवधिक निर्वाचनको सामान्य खेल वा विधिका रूपमा सतही व्याख्या गरिएको खण्डमा जनताको सम्मान गरिएको ठहरिँदैन । जनता र जनताका संगठनका बीचमा गतिलो सहकार्य निर्माण लोकतन्त्रको संस्थागत विकासको अभ्युत्थान हुने अवसर हो ।

हामीले अपनाउँदै आएको संघीय शासन प्रणालीका केही सारभूत विशेषता रहेका छन् । यसले शक्तिलाई निरन्तर विकेन्द्रित गर्ने हुँदा राज्य सञ्चालन, शक्ति र व्यवस्थापकीय अभ्यासमा सामान्य जनताको सहज पहुँच रहन्छ । कार्यशैली र कार्यसम्पादनका समुल पक्षमा प्रतिस्पर्धात्मक वातावरण रहने हुनाले प्रदेश प्रदेशका बीचमा विकास कार्य र सेवाप्रदायकतामा प्रतिस्पर्धाको सकारात्मक अभ्यासले निरन्तरता पाउँछ । जातीय, सांस्कृतिक, भाषिक, भौगोलिक विविधता र पहिचानको समान अवसरको संस्थागत विकास हुन्छ । साथै प्रचलित विधि र मान्यताअनुसार शक्ति सन्तुलन र नियन्त्रणका प्रायोगिकताकोसमेत संस्थागत विकास हुने सम्भावना रहन्छ । लोकतन्त्र र संघीयता पर्यायवाची भइसकेका छन् । संघीयतामा चुरो र मर्मलाई आत्मसात् गर्ने विधि र परिपाटीका पदचाप आवश्यकता हो । जनउत्तरदायी, पारदर्शी तथा वित्तीय सबलीकरणसहितको समावेशी पहिचानको कार्यपद्धतिको परिपालना हुनुपर्दछ । विधिको शासन र जनउत्तरदायी सरकार सञ्चालनको विधि हुनुपर्दछ । तबमात्र खास मानेमा प्रजातन्त्र, लोकतन्त्र जे बुझ्दा पनि सार्थकता पाउला ।

जनताका आकांक्षा, चाहना तथा आमूल विकास र रूपान्तरणका दिशामा सरकारको सेवा प्रवाहको गति तथा विकासका कदमबाट हित समूह तथा आमजनता सन्तुष्ट हुन नसकिरहेको तथ्यलाई मनन गरी वर्तमान ओली नेतृत्वको सरकारले अझ केही फरक अनुभूति आमजनताका सञ्चार गर्नुपर्ने छ । पछिल्ला समयमा सरकारको ध्येयका रूपमा अघि सारिएको सुखी नेपाली, समृद्ध नेपालको सारलाई कार्यान्वयनको दिशामा विभिन्न लोकप्रिय कार्यक्रम आएका पनि छन् ।

स्थानीय तहको स्थायित्व तथा लोकतन्त्रको जगका रूपमा रहेको स्थानीय तहको क्रियाकलाप तथा स्थानीय सरकारको काम गराइका कसीमा छन् । विकास र परिवर्तनका भावनालाई मुखरित गर्ने दिशामा जनता सन्तुष्ट हुने र अनुभूत गर्ने खालको विकास र सेवा प्रवाहको वातावरण प्राथमिकतामा पर्छ । गुनासोलाई सम्बोधन गर्ने दिशामा सरोकारवालाको ध्यान बेलैमा पुग्न सकेमा जनताको अभिमतको कदर हुनसक्ला । क्रियाशील तथा चलायमान राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सक्नुपर्दछ । आवधिक निर्वाचन र जनप्रतिनिधिमूलक संस्थाले राजनीतिक दल तथा दलका सदस्य र हित समूहलाई क्रियाशील गत्यात्कता दिन्छ ।

जनताको निर्णय र राजनीतिक क्रियाकलापमा सहभागिताले लोकतन्त्रलाई जीवनदायी बनाउँदछ । जनताका निर्णय शक्तिलाई कुनै पनि राजनीतिक दल तथा राजनीतिक संस्थाहरूले नजरअन्दाज गर्न सक्दैनन् । लोकतन्त्रलाई फगत आवधिक निर्वाचनको सामान्य खेल वा विधिका रूपमा सतही व्याख्या गरिएको खण्डमा जनताको सम्मान गरिएको ठहरिँदैन । तसर्थ जनता र लोकतान्त्रिक व्यवस्थाका मूल्यमान्यतालाई राजनीतिक निकाय, राजनीतिक भर्तीकेन्द्र तथा राजनीतिक शक्तिकेन्द्रले मियोका रूपमा लिई अघि बढेको खण्डमा नेपालको लोकतन्त्रको संस्थागत विकास हुन सक्दछ । जनता र जनताका संगठनका बीचमा गतिलो सहकार्य निर्माण लोकतन्त्रको संस्थागत विकासको अभ्युत्थान हुने अवसर हो । नेपालको संविधान २०७२ मा अन्तरनिहीत जनमुखी तथा जनउत्तरदायी सरकारको संस्थागत विकासतर्फ हाम्रा राजनीतिक मूल्यमान्यता स्पष्ट दिशाबोध र गत्यात्मक हुनसक्छ ।

लोकतन्त्रको सबलीकरण तथा स्थायित्वका लागि राजनीतिक दल तथा दलका सांगठनिक संरचनाले दीर्घकालसम्म राष्ट्रिय राजनीतिको मियोलाई आत्मसात् गरेर अघि बढ्न सक्नुपर्दछ । राजनीतिक दलका सन्दर्भमा राजनीतिक विश्लेषकका केही पेचिलो विचारको सान्दर्भिकतालाई यहाँ उद्धृत गर्नु सान्दर्भिक नै देखिन्छ । जब हामी राजनीतिक दलको कुरा गर्छौं हामी त्यो संगठनलाई औंल्याइरहेका हुन्छौं, जुन कि स्थानीयस्तरसम्म प्रभावकारी हुन्छ, जो सामान्य जनतासँग अन्तरक्रियाशील रहने छ एवं तिनबाट चुनावी समर्थनका लागि प्रयत्नशील रहन्छ, जसले राजनीतिक भर्तीमा प्रत्यक्ष र उल्लेखनीय भूमिका खेल्छ र जो एक्लै वा अरुसँग संलग्न भई शक्ति उपार्जनमा अभिप्रेरित वा शक्तिमा कायम रहिरहन वचनबद्ध हुन्छ ।

जनताले लोकतान्त्रिक अभ्यासमार्फत जसरी विभिन्न राजनीतिक दलहरूलाई उनीहरूको निर्वाचित प्रतिनिधिमार्फत अभिमत दिएका छन् तथा त्यसको अनुभूतिको प्रतिविम्बको रूपमा जनताका निर्वाचित प्रतिनिधिहरूले जनमुखी तथा लोकतान्त्रिक व्यवस्थामा मूल्यमान्यतालाई संस्थागत विकास गर्ने दिशामा आफ्ना कार्यहरूलाई अझ जनउत्तरदायी बनाउने दिशामा समर्पित गर्न सकेको खण्डमा लोकतन्त्रको जग मजबुत् हुनसक्छ ।

२०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्स्थापनाका लागि सम्पन्न ऐतिहासिक जनआन्दोलन तथा २०६२/६३ को दोस्रो जनआन्दोलनको जगमा खडा भएको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मुलुकको अग्रगमन लक्ष्य हो । दिगो शान्ति, विकास तथा स्थायित्वका लागि गम्भीर चासो र सरोकार रहेमा लोकतन्त्रको जग अझ मजबुत् र चीरस्थायी हुनेमा सबै आशावादी रहन्छौं ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

**५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं**

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# बिजुलीबाटै देशलाई आत्मनिर्भर बनाउन सम्भव



■ राजेन्द्र लिङ्देन

हाम्रो निर्वाचन प्रणाली र यसले उत्पन्न गरेको जटिलता संसद्ले व्यहोर्नुपरेको छ । त्यसमाथि पनि सरकार जिम्मेवारीपूर्वक प्रस्तुत हुन नसक्दा संसद् प्रभावकारी हुन सकेको छैन । जनताको अपेक्षाअनुसारको परिणाम दिन सकेको छैन । सैद्धान्तिकरूपमा संसद् कानुन निर्माण गर्ने थलो हो । थुप्रै विधेयक अलपत्र अवस्थामा छन् । विधेयकहरूको प्राथमिकीकरण पनि गरिएको छैन । दलीय छायाँमा संसद् चलिरहेको छ जस्तो लाग्छ । सांसदले आफ्नो विवेक प्रयोग गर्नेभन्दा पनि ठूला राजनीतिक दलले आफ्नो स्वार्थ अनुकूल कानुन निर्माण गर्ने काम भएको छ । सदनमा उठेका राष्ट्रियता र जनताका दैनिक समस्यालाई पनि सरकारले सम्बोधन गरेजस्तो लाग्दैन ।

हाम्रो पार्टीले संविधानका मूलभूत विषयमा फरक मत राख्दै आएको छ । यो संविधान अपूर्ण छ । यद्यपि, जसले आफूलाई संविधानको पक्षधर भनेका छन्, उनीहरूले नै अहिले संविधान उल्लंघन गरेका छन् । संविधान बनाउनेले नै संविधानको मर्म र भावनाविपरीत काम गर्दै आएका छन् । संविधानले कुनै पनि दर्शन र विचारलाई निशेध गरेको छैन । तर, सत्ता सञ्चालकले नै निषेधको राजनीतिलाई प्राथमिकता दिँदै बहुमतको बल प्रयोग गर्ने ढंगले अगाडि बढेको देखिन्छ ।

संविधानले राजनीतिक दल खोल्न पाउने सुविधाबाट कसैलाई पनि वञ्चित नगरिने भनेको छ । राजनीतिक दल खोलेपछि दलले आफ्नो दर्शन र मान्यता प्राप्तिका लागि प्रचार/प्रसार गर्न पाउने छ । संविधानले सभा र जुलुस गर्न नपाउने कुनै पनि कानुन बनाउन पाइने छैन भनेको छ । सबै व्यक्तिले एउटै राजनीतिक विचार धारा वा दर्शन मान्नुपर्छ भन्ने छैन । त्यसैले हामीले राखेको एजेण्डा संविधानविपरीत छैन ।

समावेशी/समानुपातिक जस्ता संविधानका केही सकारात्मक पक्ष छन् । हामीलाई २००७ सालको परिवर्तनले प्रजातन्त्र, २०४६ सालले बहुदलीय व्यवस्था र २०६२/६३ को परिवर्तनले समावेशी/समानुपातिकता दिएको छ । यी तीनवटा उपलब्धिलाई नकार्न सकिँदैन । यी सकारात्मक विषयलाई कायम राख्दै अरू थुप्रै विषय संशोधन गर्नुपर्ने छ । जस्तोः राज्य संरचना, निर्वाचन प्रणाली, नियुक्ति प्रणालीमा आमूल परिवर्तन गर्नुपर्नेछ । प्रदेश सरकारका बारेमा पनि पुनःविचार गर्नुपर्छ । शिक्षा र स्वास्थ्य पूर्णरूपमा निःशुल्क हुनुपर्छ । सम्पूर्ण संवैधानिक नियुक्ति दलीयभन्दा पनि योग्यता र क्षमताका आधारमा हुने व्यवस्था गर्नुपर्छ । यी सबै कुराको व्यवस्था संविधानमै गरिनुपर्छ ।

अहिलेको निर्वाचन प्रणाली अत्यन्त भद्दा छ । एउटा सानो निर्वाचन क्षेत्रबाट जितेको मानिस प्रधानमन्त्री हुने व्यवस्था छ । प्रधानमन्त्री सिंगो देशप्रतिभन्दा पनि एउटा सानो निर्वाचन क्षेत्रप्रतिमात्रै केन्द्रित भएको देखिन्छ । यसको अन्त्य नगरेसम्म समग्र देशको प्रधानमन्त्री हुन सक्दैन । त्यसकारण प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री हुने निर्वाचन प्रणाली हुनुपर्छ । यी सबै कुरा गर्दै जाने हो भने देशलाई सुधार गर्दै स्थिरतातर्फ लैजानुपर्छ । प्रधानमन्त्री दुई कार्यकालभन्दा बढी हुन नपाउने व्यवस्था गर्नुपर्छ । सांसदले मन्त्री हुन नपाउने व्यवस्था हुनुपर्छ ।

अहिले देशको मुख्य समस्या नै सुशासन हो । सुशासनसँग जोडिएको भ्रष्टाचारको विषय मानिसका लागि सामान्य र परम्परा जस्तो भयो भन्नेमा कसैको असहमति छैन । भ्रष्टाचार गर्नु के नयाँ विषय भयो र भन्ने मानिसमा पर्न थालेको छ । अहिले भ्रष्टाचार कहाँ छ भनेर खोज्नेभन्दा पनि भ्रष्टाचार कहाँ छैन भनेर खोज्नुपर्ने स्थिति भयो । भ्रष्टाचार मुख्यगरी राजनीतिक नेताले नै गरेका छन् । अख्तियार र अदातलले राम्रो काम गरेका छैनन् भन्ने होइन । तर, भ्रष्टाचारीलाई कारबाही गर्ने निकाय अख्तियार र अदालतमा राजनीतिक भागबण्डाका आधारमा नियुक्ति हुने गरेको छ । अनि आफूलाई नियुक्त गर्ने दलको नेतालाई अख्तियार र अदालतले कसरी कारबाही गर्न सक्छ ? त्यसकारण समस्या हाम्रो नियुक्ति प्रणालीमा छ । निर्वाचन प्रणालीमा छ । हाम्रो निर्वाचन प्रणाली खर्चिलो भयो । त्यसले भ्रष्टाचारलाई बढावा दिएको छ । यति सानो देशमा यति धेरै जनप्रतिधिको संख्या पनि आवश्यक छैन । जनप्रतिनिधिमात्रै होइन हामीले कर तिरेर पूर्वराष्ट्रपति, उपराष्ट्रपतिलाई समेत तलब खुवाउनु परेको छ । विदेशीसँग ऋण लिएर तलब दिन परेको छ । त्यसकारण यी सबैमा हामीले व्यापक रूपमा परिवर्तन गर्नुपर्ने छ ।

मैले पछिल्लो समयमा आर्थिकरूपमा प्रगति गरेका धेरै देशको भ्रमण गरेँ । युवाको रोजगारदाता कसरी धनी भए भनेर देख्ने र बुझ्ने अवसर पाएँ । हाम्रो देशभन्दा प्राकृतिक स्रोत/साधन र सम्भावनाको हिसाबले अत्यन्तै जटिलतामा रहेका देशले पनि धेरै ठूलो प्रगति गरेका छन् । त्यो प्रगति नेतृत्व, दूरदृष्टि र प्रणालीमा सुस्पष्टता नै हो । हाम्रो देशमा अथाह सम्भावना छ । दुनियाँ बन्ने, हाम्रो देशमात्रै बन्न नपर्ने कुनै कारण छैन । हाम्रो देशमा पनि राम्रो नेतृत्व हुने र इमान्दारिताका साथ काम गर्ने हो भने पाँच-दश वर्षभित्रैमा देश बनेको देख्न सकिन्छ । त्यसका लागि प्रणाली पनि ठीक हुनुपऱ्यो ।

नेपाल ऊर्जामा अथाह सम्भावना भएको देश हो । यसको मात्रै ठीक ढंगले उपयोग गर्न सकियो भने धेरै गर्न सकिन्छ । जलस्रोतबाट विद्युत् उत्पादन गर्न सक्छौं । जसरी अरबियन देशले पेट्रोलियम पदार्थबाट सुखी र सम्पन्न जीवन बिताइरहेका छन्, त्यसरी नै विद्युत्बाट नेपाली नागरिकले सुखको अनुभूति गर्न पाउँछन् । अहिले हामीले तीन हजार मेगावाट बिजुली उत्पादन गरेका छौं । हाम्रो क्षमता ८३ हजार मेगावाट भन्छौं । तर, म भन्छु एक लाखभन्दा बढीको क्षमता छ । त्यसकारण हामीले बिजुलीलाई उच्च प्राथमिकतामा राखेर लगानी गर्नुपर्छ । लगानीको निमित्त सबैलाई आमन्त्रण गर्ने र हामी इमान्दार बन्ने हो भने देशलाई आर्थिकरूपमा सम्पन्न बनाउन सकिन्छ । अधिक बिजुली उत्पादन गर्ने हो भने चाँडै पेट्रोलियम पदार्थलाई विस्थापित गर्न सकिन्छ । गाडीहरू बिजुलीबाट चल्न सुरु हुन्छ । भान्सा ग्यासले होइन, बिजुलीले चल्न थाल्छ । सँगसँगै पर्यटनको सम्भावना पनि त्यतिकै छ । अझै धार्मिक पर्यटनबाट देशको आर्थिक विकास गर्न सक्ने धेरै सम्भावना छ ।

कृषिमा धेरै सम्भावना छ । हामीले कृषिलाई आधुनिकीकरण गर्न सकेका छैनौं । अहिले ६० प्रतिशतभन्दा बढी मानिस कृषिमा संलग्न छन् । तर, हाम्रो उत्पादनले खान पनि पुग्दैन । नेपालले फलफूल, तरकारी र अन्य खाद्यान्न अर्बौंको आयात गरिरहेका छौं । तर, इजरायल जहाँ तीन प्रतिशत मानिसमात्रै कृषिमा संलग्न छन् तर निर्यात गर्छन् । हामीले हाम्रो कृषिलाई प्राथमिकतामा राख्नै सकेका छैनौं । हामीले कृषिमै राम्रो गर्न सक्ने हो भने ४० हजार तलबका लागि युवा विदेसिनु पर्दैन ।

*(राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य लिङ्देनसँग राससले गरेको कुराकानीमा आधारित)*



**मिथिला चित्रकला** | जनकपुरधामस्थित सीता–राम विवाह मण्डपको उत्तरी पर्खालमा भगवान् राम–सीताको जन्मदेखि विवाहसम्मको पौराणिक कथा झल्काउने मिथिला चित्र कोर्दै स्थानीय मिथिला कलाकारहरू । *तस्बिर: अमरेन्द्रकुमार यादव/रासस*

# खोटाङका १० स्थानीय तहको बजेट पाँच अर्ब ५५ करोड

**खोटाङ (प्रस)**– जिल्लाका १० वटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेट ल्याएका छन् । जिल्लाका दुई नगरपालिका र आठ गाउँपालिकाले कूल पाँच अर्ब ५५ करोड सात लाख रूपैयाँबराबरको बजेट ल्याएका हुन् ।

जिल्लाको सबैभन्दा ठूलो स्थानीय तह दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले एक अर्ब दुई करोड ९२ लाख ३४ हजार रूपैयाँको बजेट ल्याएको छ । नगरपालिकाले कृषि, पर्यटन, शिक्षा क्षेत्र सुधार, स्वास्थ्य क्षेत्रको गुणस्तर, स्थानीय गौरवका आयोजना, विपद् व्यवस्थापन, श्रमदानलाई प्रोत्साहन गर्ने, रोजगारी वृद्धि गर्ने, स्थानीय कृषि उत्पादन वृद्धि र बजारीकरण, आत्मनिर्भर नागरिक बनाउनेजस्ता कार्यक्रमलाई प्राथमिकता दिएर बजेट ल्याएको नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिए ।

हलेसी तुवाचुङ नगरपालिकाले ८० करोड १८ लाख ८१ हजार रूपैयाँको बजेट ल्याएको छ । नगरपालिकाले भौतिक पूर्वाधारबाहेक खानेपानी योजना, पर्यटन विकास तथा कृषि उत्पादनमामात्रै छ करोड ४७ लाख ९४ हजार रूपैयाँ बजेट विनियोजन गरेको छ ।

### कुन स्थानीय तहको बजेट कति ?

| | |
|---|---|
| दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका | १ अर्ब २ करोड ९२ लाख |
| हलेसी तुवाचुङ नगरपालिकाले | ८० करोड १८ लाख |
| खोटेहाङ गाउँपालिका | ५५ करोड ४८ लाख |
| रावाबेंसी गाउँपालिका | ३८ करोड ५६ लाख |
| ऐसेलुखर्क गाउँपालिका | ४९ करोड ७० लाख |
| बराहपोखरी गाउँपालिका | ३८ करोड ४० लाख |
| जन्तेढुंगा गाउँपालिका | ४४ करोड ३७ लाख |
| केपिलासगढी गाउँपालिका | ५० करोड ७ लाख |
| साकेला गाउँपालिका | ३९ करोड ३० लाख |

खोटेहाङ गाउँपालिकाले ५५ करोड ४८ लाख ९९ हजार रूपैयाँको बजेट प्रस्तुत गरेको छ । आर्थिक विकास, सुशासन तथा संस्थागत विकास, वन वातावरण तथा विपद् व्यवस्थापन, पूर्वाधार विकास र सामाजिक विकासलाई प्राथमिकता दिइएको गाउँपालिका प्रमुख उदिमबहादुर राईले जानकारी दिए ।

रावाबेंसी गाउँपालिकाको बजेट ३८ करोड ५६ लाख ५६ हजार रूपैयाँको आएको छ । भौतिक पूर्वाधार र कृषिलाई प्राथमिकता दिएर आगामी आव २०८२/८३ को बजेट ल्याएको गाउँपालिका प्रमुख फटिककुमार श्रेष्ठले जानकारी दिए । दिप्रुङ चुइचुम्मा गाउँपालिकाले ५६ करोड दुई लाख ६८ हजार रूपैयाँको बजेट ल्याएको छ । पूर्वाधार विकास, शैक्षिक गुणस्तर अभिवृद्धि, कृषि क्षेत्रको आधुनिकीकरण, गुणस्तरीय स्वास्थ्य सेवा, खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन, भ्रष्टाचार नियन्त्रण, आन्तरिक रोजगारीमा जोड, लैंगिक तथा समावेशीकरण, सूचना प्रविधिमा आधारित सेवा प्रवाह, विपद् व्यवस्थापनलगायत क्षेत्रमा आधारित रहेर आगामी आवको नीति तथा कार्यक्रम निर्माण गरिएको गाउँपालिका प्रमुख लोकेन्द्र राईले जानकारी दिए ।

ऐसेलुखर्क गाउँपालिकाले ४९ करोड ७० लाख ९३ हजार रूपैयाँको बजेट प्रस्तुत गरेको छ । भौतिक पूर्वाधार निर्माणका योजनालाई पहिलो प्राथमिकतामा राखेर वार्षिक नीति तथा कार्यक्रम निर्माण गरेर सार्वजनिक गरिएको गाउँपालिका प्रमुख गिरिन्द्रबहादुर राईले जानकारी दिए । बराहपोखरी गाउँपालिकाले ३८ करोड ४० लाख ५६ हजार रूपैयाँको बजेट ल्याएको छ । जन्तेढुंगा गाउँपालिकाले ४४ करोड ३७ लाख ३४ हजार रूपैयाँको बजेट सार्वजनिक गरेको छ । आयआर्जन र रोजगारी सिर्जना हुने मुख्य कृषि र पशुपालन भएको भन्दै निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायीकरणतर्फ उन्मुख गराउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइएको गाउँपालिका प्रमुख अरुणादेवी राईले जानकारी दिइन् ।

केपिलासगढी गाउँपालिकाले ५० करोड सात लाख ५९ हजार रूपैयाँबराबरको बजेट सार्वजनिक गरेको छ । भौतिक पूर्वाधार विकास तथा कृषि उत्पादनलाई प्राथमिकतामा राखेर वार्षिक नीति तथा कार्यक्रम ल्याइएको गाउँपालिका प्रमुख समीर राईले जानकारी दिए । जिल्लाको सबैभन्दा सानो स्थानीय तह साकेला गाउँपालिकाले ३९ करोड ३० लाख ३९ हजार रूपैयाँको बजेट ल्याएको छ ।

# बागलुङ नगरपालिकाको बजेट एक अर्ब ३० करोड

**बागलुङ (प्रस)**– बागलुङ नगरपालिकाले मंगलबार एक अर्ब ३० करोड ९५ लाख रूपैयाँको बजेट प्रस्तुत गरेको छ । आगामी आर्थिक वर्षका लागि नगरउपप्रमुख राजु खड्काले अनुमानित आय, आन्तरिक राजस्व तथा बैंक रकमलाई आधार मानेर बजेट प्रस्तुत गरेका हुन् । बजेट पर्यटन, शिक्षा र पूर्वाधारलगायतमा केन्द्रित गरिएको छ ।

सोमबार नगरप्रमुख वसन्तकुमार श्रेष्ठले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि छलफलपछि बजेट प्रस्तुत गरिएको थियो । नीति तथा कार्यक्रममा भने केही वडा सदस्यले विरोध जनाएका थिए । नगरसभामा उपप्रमुख खड्काले नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानतर्फ १५ करोड ३७ लाख रूपैयाँ, ससर्त अनुदानतर्फ ७२ करोड २४ लाख रूपैयाँ, समपूरक अनुदानतर्फ दुई करोड २४ लाख रूपैयाँ, विशेष अनुदान चालुतर्फ एक करोड ३० लाख रूपैयाँ, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदानतर्फ दुई करोड १६ लाख ८२ हजार रूपैयाँ, ससर्त अनुदान पुँजीगततर्फ दुई लाख रूपैयाँ, समपूरक र विशेष अनुदान एक करोड रूपैयाँ बजेटको स्रोत उल्लेख गरेका छन् ।

यस्तै संघ, प्रदेश र स्थानीय तहको राजस्व बाँडफाँटबाट १५ करोड १२ लाख ६० हजार रूपैयाँ तथा आन्तरिक राजस्व र अनुमानित बैंक मौज्दातसहित २१ करोड २९ लाख १५ हजार रूपैयाँ गरी एक अर्ब ३० करोड ९५ लाख ५८ हजार रूपैयाँ आय अनुमान गरी बजेट प्रस्तुत गरिएको उपप्रमुख खड्काले जानकारी दिए ।

नगरपालिकाले आर्थिक विकासतर्फ दुई करोड ९७ लाख रूपैयाँ, पूर्वाधार विकासतर्फ ३९ करोड ५१ लाख ३९ हजार रूपैयाँ, सामाजिक विकासतर्फ ६४ करोड ४१ लाख ३९ हजार रूपैयाँ, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा छ करोड ८१ लाख रूपैयाँ विनियोजन गरेको छ । यस्तै नगरपालिकाले बालमैत्री दिगोपनामा २० लाख रूपैयाँ, न्यायिक समितिलाई १५ लाख रूपैयाँ, आयुर्वेदलाई १० लाख रूपैयाँ, फोहोर व्यवस्थापनलाई १२ लाख रूपैयाँ, स्वास्थ्य क्षेत्रलाई १६ लाख रूपैयाँ, शिक्षालाई २८ करोड पाँच लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।


## अधिकृत वारेशनामा बदर गरिएको बारेको सूचना

**प्रकाशित मिति: २०८२/03/१२**

लिखितम् हामी चार मानिसहरूमा (अनुपमान मास्के-१, सुरेन्द्र राज श्रेष्ठ-१, सीता महर्जन-१, आनन्द प्रसाद श्रेष्ठ-१) समेत जना ४ ले हामीहरूका नाउँमा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा संयुक्त दर्ता श्रेस्ता कायम रहेको आज अघि अरू कसैलाई कुनै किसिमको लिखत तथा हक छाडी नदिएको हामीहरूको हकभोगको तपसिल बमोजिमको जग्गाहरु पूरै कित्ता वा कित्ताकाट गरी बेचविखन, राजिनामा रजिष्ट्रेशन गरी बिक्री वितरण गर्न पाउने गरी मितिः २०७३/०१/२७ मा श्री सम्मानित काठमाडौं जिल्ला अदालतबाट हामीहरूले मुलुकी देवानी कार्यविधि सहिंता २०७४ को दफा १५४ बमोजिम हामीहरूले हाम्रो चिनजानको मानिस नेत्रलाल अधिकारीको नाति मुक्तिनाथ अधिकारीको छोरा धादिङ् जिल्ला मैदी गा.वि.स. वडा नं. १ बस्ने वर्ष ५३ को भरत राज अधिकारी (ना.प्र.नं. ५२ मिति २०३७/०५/२३ जि.प्र.का. धादिङ्) लाई मुलुकी देवानी कार्यविधि सहिंता २०७४ को दफा १५४ को उपदफा (१) र (२) बमोजिमको प्रकृया पूरा गरी अधिकृत वारेसनामा मुकरर गरिएकोमा अधिकृत वारेस दिने मध्येका अनुपमान मास्केको स्वर्गारोहण भएकोले उल्लेखित कार्य गर्न हामी अन्य सगोलवालाहरु आफैं कार्यालयमा उपस्थित हुने भएको हुँदा साविक मुलुकी ऐन आ.वं. ७१ ग(३) र मुलुकी देवानी कार्यविधि सहिंता २०७४ को दफा १५५ (१) (ग) बमोजिम अधिकृत वारेसनामा वदर गर्ने सूचना प्रकाशित गरिएको छ । तसर्थ तपसिलमा उल्लेखित जग्गाहरु बिक्री गर्न नपाउने गरी उक्त अधिकृत वारेशनामा बदर गरिएको सार्वजनिक सूचना मार्फत सबैलाइ सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| काठमाडौं | का.म.न.पा. | १६/ १०२०–९८२२५ | ६८० | १७०.०५ ब.मि. जग्गा पूरा | शहरी ङ | साविक कित्ताबट कित्ताकाट भई बाँकि रहेको |

ईति सम्बत २०८२ साल असार महिना १२ गते रोज ५ शुभम्


# धुलिखेल–खावा सडकमा यात्रुलाई सास्ती

■ राजकुमार पराजुली



**काभ्रेपलाञ्चोक**– अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित निर्माणाधीन धुलिखेल-खावा सडकखण्डको स्तरोन्नति कार्य अलपत्र अवस्थामा रहँदा यो वर्षायाममा यात्रुले सास्ती खेप्नु परेको छ । करिब चार वर्षसम्म सडक नबनेको र निर्माणले गति नलिएपछि ठेक्का रद्द गरेको डिभिजन कार्यालय भक्तपुरले स्पष्ट गरेको छ ।

निर्माण सम्झौता रद्द भएको सो सडकखण्डको स्तरोन्नतिका लागि स्रोत सुनिश्चित भए पनि नयाँ ठेकेदारमार्फत काम थाल्न अझै केही समय लाग्ने डिभिजन कार्यालयले जनाएको छ । उक्त सडकखण्डको स्तरोन्नतिको काम तोकिएको समयसीमाभित्र पूरा नभएपछि नियमानुसार ठेक्का रद्द भएसँगै सम्बद्ध निर्माण व्यवसायीले उच्च अदालत पाटनमा मुद्दा हालेका थिए । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको काम उक्त कम्पनीले २०७९ जेठ २० गते २२ महिनाभित्र बनाइसक्नुपर्ने गरी २० करोड १९ लाख ४६ हजार रूपैयाँ ठेक्का लिएको थियो ।

ठेकेदार कम्पनीले निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि २५ प्रतिशत निर्माण कार्य भएको थिएन । सम्झौताअनुसारको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत साल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको 'गौरी-पार्वती निर्माण सेवा'सँगको ठेक्का रद्द गरेको थियो ।

उक्त सडकखण्डको ठेक्का रद्द गरेपछि अदालत गएका व्यवसायीको मुद्दामा केही दिनपछि अदालतले 'निर्माण कम्पनीलाई कालो सूचीमा राख्ने, धरौटी रकम जफतलगायत कारबाही नगर्न तथा हाल जुन अवस्थामा रहेको छ, सोही अवस्थामा राख्न' अन्तरिम आदेश जारी गरेपछि सडकखण्ड निर्माणका काम अवरुद्ध भएको हो । स्रोत सुनिश्चित भए पनि नयाँ ठेक्कामा जाँदा अझै केही महिना लाग्ने भएकाले सवारीसाधन र यात्रुलाई सहज बनाउन खाल्डाखुल्डी पुर्ने काम गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख सिडिई सुमन योगेशले केही दिनमै नयाँ 'स्टिमेट' तयार गरी नयाँ ठेक्का प्रक्रिया अघि बढाउने जानकारी दिए । 'नयाँ ठेक्काका लागि दुईदेखि साढे दुई महिना लाग्छ, भदौ अन्तिम साता वा असोजदेखि काम सुरु गर्नेगरी तयारी हुन्छ,' उनले भने । सो सडक स्तरोन्नतिका लागि नयाँ ठेक्का खोल्न ४२ करोड रूपैयाँ स्रोत सुनिश्चित भएको कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख सुमन योगेशका अनुसार अदालतको आदेशबाट पुनः ठेक्का प्रक्रिया अघि बढाउन कुनै बाधा पर्दैन । यसअघि लिखित स्पष्टीकरण दिए पनि सन्तोषजनक र विश्वसनीय जवाफ नआएकाले बाध्य भई ठेक्का रद्द गर्नु परेको हो ।

सो सडक निर्माण कार्यअन्तर्गत अहिलेसम्म धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा काट्ने काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा 'ड्रेन-वाल' लगाउने काम पनि भएको छ । जिपलाइनदेखि तल खावासम्म सडकमात्रै भत्काइएको तर एक किलोमिटर भागमा 'कटिङ' गर्न बाँकी रहेको छ । अघिल्लो जेठमा धुलिखेलतर्फबाट बेस, सब-बेस हाल्ने काम सुरु गरिए पनि पटक-पटकको वर्षाले बगाएर खण्डहरझैं बनाएको थियो ।

समयमै निर्माण सम्पन्न नहुँदा यस राजमार्ग भएर गुड्ने सवारीसाधनका यात्रुले दुई वर्षदेखि निकै सास्ती खेप्दै आउनुपरेको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुनर्निर्माणका लागि भत्काइएको सडकमा सवारीसाधन दुर्घटना परी कयौं यात्रु घाइते हुनाका साथै उनीहरूले सास्ती व्यहोर्नुपरेको छ । केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डको राजमार्ग १२ मिटरको फराकिलो बनाई कालोपत्रे गर्न लागिएको थियो ।

उक्त सडकमा गुड्ने मालवाहक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन सो कार्यालयले नेपालमै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको 'डिबिएम र आस्फाल' कालोपत्रे गर्ने योजना बनाएको थियो । अरनिको राजमार्ग हुँदै छिमेकी मित्रराष्ट्र चीनसँगको उत्तरी नाका सिन्धुपाल्चोकको तातोपानीसहित दोलखा, रामेछाप जिल्ला पुग्ने यो सडकखण्डको निर्माण कार्यलाई उच्च प्राथमिकता दिएको कार्यालय प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए । *रासस*

# ताप्लेजुङका नौ स्थानीय तहको बजेट चार अर्बभन्दा बढी

**फुङ्लिङ (ताप्लेजुङ)**– ताप्लेजुङका नौवटा स्थानीय तहले आगामी आर्थिक वर्षका लागि चार अर्ब रूपैयाँभन्दा बढी रकमको बजेट प्रस्तुत गरेका छन् । जिल्लामा एक नगरपालिका र आठ गाउँपालिकासहितका यी स्थानीय तहले कूल चार अर्ब २२ करोड ३० लाख ५२ हजार रूपैयाँबराबरको बजेट सार्वजनिक गरेका हुन् ।

सबैभन्दा बढी बजेट फुङ्लिङ नगरपालिकाले प्रस्तुत गरेको छ । फुङ्लिङ नगरपालिकाले ७६ करोड २७ लाख ३३ हजार रूपैयाँको बजेट पेस गरेको छ । मंगलबार आयोजित १८औं नगर अधिवेशनमा नगरपालिकाकी उपप्रमुख भीमादेवी ओझाले यो बजेट सार्वजनिक गरेकी हुन् ।

त्यसैगरी फक्ताङ्लुङ गाउँपालिकाले ५५ करोड ३८ लाख रूपैयाँबराबरको बजेट १८औं गाउँ अधिवेशनमार्फत उपाध्यक्ष रवीन साम्रा लिम्बूले प्रस्तुत गरे । यस्तै मिक्वाखोला गाउँपालिकाले ४० करोड सात लाख ७७ हजार रूपैयाँ, पाथीभरा याङ्वरक गाउँपालिकाले ५२ करोड ५१ लाख ७४ हजार रूपैयाँको बजेट क्रमशः उपाध्यक्ष डण्डु लामा शेर्पा र रनमाया गुरुङले सार्वजनिक गरे ।

गएको सोमबार आठराई त्रिवेणी गाउँपालिकाले २१औं गाउँ अधिवेशन सम्पन्न गरी ५२ करोड ३६ लाख ५४ हजार रूपैयाँबराबरको बजेट सार्वजनिक गरेको थियो । उपाध्यक्ष शान्ताकुमारी आङ्बुहाङले उक्त अधिवेशनमा बजेट सार्वजनिक गरेकी थिइन् । त्यसैगरी मैवाखोला गाउँपालिकाले सोमबार ४४ करोड ७१ लाख १६ हजार रूपैयाँबराबरको बजेट उपाध्यक्ष कमलकुमार लिम्बूको नेतृत्वमा १७औं गाउँ अधिवेशनमा सार्वजनिक गरेको थियो । *रासस*


## युएइमा रोजगार
कम्पनी : BART CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/03/08 | LT. No. 325983 | चलानी नं. ६०२३९९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1250 | ४६,८०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | STEEL FIXER/ROD BINDER | 6 | 0 | 1250 | ४६,८०१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 325983 मिति: २०८२/०३/११ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

RAJ GROUP
Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



## युएइमा रोजगार
कम्पनी : KETE FACADE TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/११ | LT. No. 321070 | चलानी नं. ६०२३५१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welders (Fcaw/tig/arc/stainless Ste | 1 | 0 | 1200 | ४४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Masons | 1 | 0 | 1200 | ४४,९३० | | | | | | | |
| 3 | Bricklayer | 1 | 0 | 1200 | ४४,९३० | | | | | | | |
| 4 | Brick Masons | 1 | 0 | 1200 | ४४,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com



## युएइ/साउदीमा रोजगार
कम्पनी : HAYATT SWIMMING POOLS MAINTENANCE. L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/११ | LT. No. 315334 | चलानी नं. ६०२२९७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 7 | 0 | 900 | ३३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MODERN DRLING COMPANY FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/03/११ | LT. No. 326202 | चलानी नं. ६०२४०१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TUNNEL DEVELOPMENT CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/११ | LT. No. 326203 | चलानी नं. ६०२४०१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
Pokhara Branch: 9846325187, E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## साउदीमा रोजगार
कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO IS A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/03/११ | LT. No. 315811 | चलानी नं. ६०२३००७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintenance worker | 1 | 0 | 1000 | ३६,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADA

पूर्व स्वीकृति मिति : २०८२/03/१० | LT. No. 326123 | चलानी नं. ६०२४०१०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LAUNDRY WORKER | 2 | 0 | 1000 | ३६,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HAQBA OPERATION AND MAINTENANCE EST

पूर्व स्वीकृति मिति : २०८२/03/११ | LT. No. 326124 | चलानी नं. ६०२४०१००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६५,९८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

# प्रभाव दैनिक

बिहीबार, १२ असार, २०८२ (Thursday, June 26, 2025)





### क्यानडामा 'नेपाली क्रिएटर्स फेस्ट २०२५' हुँदै

मानभी फाउण्डेसनले यहाँ बसोबास गर्ने नेपाली समुदायका लागि 'नेपाली क्रिएटर्स फेस्ट २०२५' आयोजना गर्ने भएको छ । अन्तर्राष्ट्रिय विद्यार्थी, नयाँ आप्रवासी, युवा र क्यानडामा बस्ने सबै नेपालीलाई सिर्जनात्मक प्रतिभा प्रस्तुत गर्न प्लेटफर्म प्रदान गर्न तयार गरिएको फाउण्डेसनले जनाएको छ । मानभी स्टुडियोज स्थापना गरेको एक वर्ष सफलतापूर्वक पूरा गरेपछि फाउण्डेशन नामक संस्था सुरू भएको हो । उत्सवमा इच्छुक प्रतिभा निःशुल्करुपमा सहभागी हुनसक्नेछन् ।




# संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार वितरण, दीप श्रेष्ठलाई दीर्घ साधना सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौँ–** नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलको हातबाट वरिष्ठ गायक दीप श्रेष्ठलाई 'नेपाल संगीत तथा नाट्य दीर्घ साधना सम्मान-२०८१' र अरू आठ जना वरिष्ठ स्रष्टालाई 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०८१' ले सम्मानित गरेको छ । बुधबार दिउँसो राष्ट्रपति भवन शितल निवासमा एक कार्यक्रम आयोजना गरी सम्मान प्रदान गरिएको हो ।

राष्ट्रपति पौडेलले वरिष्ठ स्रष्टालाई पुरस्कार समर्पण गर्ने क्रममा प्रज्ञा-प्रतिष्ठानद्वारा प्रदान गरिएको सम्मान स्रष्टाहरूको दीर्घकालीन साधना, समर्पण र सिर्जनशीलताको प्रतीक भएको बताए । संगीत र कला केवल मनोरञ्जनको माध्यम मात्र नभएर चेतना र संस्कारबाहक भएको र संगीत र नाट्यको माध्यमबाट संवेदनाको उजागर हुने, विचार सुसंस्कृत हुने र समाजलाई सकारात्मक रूपान्तरणको बाटोमा अग्रसर गराउने राष्ट्रपतिले विचार राखे ।

नेपाल जातजाति र सामुदायिक विविधताले सम्पन्न भएकाले सांस्कृतिक र नाट्य रूपमा विश्व चिन्तनको एक केन्द्र बन्नेगरी राज्य अघि बढ्नुपर्ने उनको भनाइ थियो । समारोहका विशेष अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले पुरस्कृत स्रष्टाहरूलाई बधाई र शुभकामना दिँदै पुरस्कारले पुरस्कृत स्रष्टाहरूको विगतको योगदान सम्मान गर्दै थप विकास र प्रगतिका लागि प्रेरित गर्ने र नयाँ पुस्तालाई संगीत र नाट्यआदि अभौतिक संस्कृति हस्तान्तरण गर्दै प्रोत्साहित गर्ने पनि बताए । प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्मा पोखरेलले विविधतापूर्ण एकता नै नेपाली समाजको विशेषता भएकोले त्यसलाई सुदृढ गर्न र राष्ट्रिय एकता र अखण्डतालाई मजबुत बनाउन संस्कृतिकर्मीको ठुलो भूमिका हुने बताए ।

कला-संस्कृतिका संवाहक कलाकर्मीलाई प्रोत्साहित गर्नु, दीर्घ साधक र श्रष्टाका योगदानलाई कदर गर्नु राज्यको दायित्त्व महसुस गरी प्रज्ञा-प्रतिष्ठानले २०७१ सालबाट स्रष्टाहरूलाई पुरस्कृत गर्ने परम्परा सुरु गरेको उनले स्मरण गराए । कुलपति शर्माले यसअघि ६ विधामा ६ जना स्रष्टालाई पुरस्कृत गर्दै आएकोमा यसै वर्षदेखि वाद्य वादन विधा र खोज अनुसन्धान विधामा एक-एक जना र संगीत र नाट्य विधामा आजीवन योगदान दिने एक वरिष्ठ स्रष्टालाई ु नेपाल संगीत तथा नाट्य दीर्घ साधना सम्मानु प्रदान गर्न थालिएको पनि स्पष्ट पारे । कार्यक्रममा स्वागत मन्तव्य राख्नु हुँदै प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भु राईले कलाकारको निरन्तर साधना र सृजनाले नै कलालाई जीवन्त बनाउने भएकोले कलाकारलाई सम्मान आवश्यक भएको बताए ।

कार्यक्रममा नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०८१ बाट संगीत विधातर्फ वरिष्ठ गायिका कुन्ती मोक्तान, रंगमञ्च विधामा वरिष्ठ रंगकर्मी हरिबहादुर थापा, परम्परागत तथा शास्त्रीय संगीत विधामा वरिष्ठ संगीतज्ञ कुशेश्वरप्रसाद राई, लोकसंगीत विधातर्फ वरिष्ठ लोकगायक नारायण रायमाझी, नाट्यविधामा वरिष्ठ नाटककार वेदकुमारी न्यौपाने, नृत्य विधामा वरिष्ठ नृत्य निर्देशक भूवनदास श्रेष्ठ, खोज अनुसन्धान विधामा कृष्णप्रसाद पौडेल 'नृत्यानन्द' र वाद्यवादन विधातर्फ वरिष्ठ तबलावादक राजु अग्रवाल सम्मानित भए ।

राष्ट्रिय प्रज्ञा-पुरस्कारको राशि एक लाख एक रूपैयाँ र ताम्रपत्र तथा दीर्घ साधना सम्मानको दुई लाख एक रूपैयाँ र ताम्रपत्र रहेको पुरस्कार समर्पण समारोहका सहजकर्ता प्रज्ञा-प्रतपष्ठानका सदस्यसचिव कुश्मा महरा 'प्रगति' ले जानकारी दिइन् । कार्यक्रममा पुरस्कृत स्रष्टाका ताम्रपत्र प्राज्ञ परिषद् सदस्य र प्राज्ञसभा सदस्यबाट वाचन गरिएको थियो ।

# 'रियाल रिंगेट'को गीत 'जिन्दगीः उडी जाने हो कहाँ'




**काठमाडौँ (प्रस)–** आगामी साउन १६ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'रियाल रिंगेट'को गीत 'जिन्दगीः उडी जाने हो कहाँ' सार्वजनिक गरिएको छ । मंगलबार काठमाडौँको आइएनआई सिनेमा, नयाँ बानेश्वरमा आयोजित एक कार्यक्रममा सार्वजनिक गीतले वैदेशिक रोजगारीमा होमिन बाध्य नेपालीहरूको मार्मिक कथा समेटेको छ ।

गीतमा विदेशमा नेपालीले भोग्ने संघर्ष, उनीहरूको घरपरिवारको विचलित अवस्था र बाध्यताले विदेशिदाँको पीडालाई समेत देखाएको छ । रवि मल्ल र कोसिस क्षेत्रीको संयुक्त शब्द, चन्दन ध्वज केसी र किरण तुलाधरले संगीत रहेको गीतमा गायक केतन क्षेत्रीले स्वर दिएका छन् ।

विभोर पोखरेलले निर्देशन गरेको चलचित्रका निर्माता गगनलाल प्रधान रहेका छन् । अभिनेत्री निता ढुंगानाले लामो समयको मिहिनेतपछि फिल्म रिलिजको संघारमा पुगेकोमा खुसी व्यक्त गरिन् । चलचित्रमा प्रमोद चौलागाईं, निता ढुंगाना, छुल्ठिम डोल्मा गुरुङ, रवीन्द्र खड्का, ध्रुव कोइराला, प्रेम सुब्बा, रामचन्द्र अधिकारी, रियर राई, रोशन श्रेष्ठ, ईश्वरी बराल, विमला गिरी लगायतका कलाकारहरूको अभिनय छ ।

प्रदीप भारद्वाजको लेखन रहेको फिल्मको नाम 'रियाल रिंगेट' कतार र साउदी अरेबियाको मुद्रा 'रियाल' तथा मलेसियाको मुद्रा 'रिंगेट' को मिश्रण गरेर राखिएको हो । जसले नेपाली श्रमिकहरूको मुख्य गन्तव्य मुलुकहरूलाई संकेत गर्दछ ।

रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, हरि घलेको छायांकन, विपिन मल्लको सम्पादन रहेको फिल्ममा राजीव समरको कोरियोग्राफी छ ।

## रंगशाला

# खेलाडीलाई लागुपदार्थ दुरूपयोगसम्बन्धी प्रशिक्षण

■ प्रभाव संवाददाता



**काठमाडौँ–** लागु औषध प्रयोगबारे सचेतना फैलाउन नेपाली खेलाडीहरूलाई लागु पदार्थ दुरूपयोग सम्बन्धि एकदिने प्रशिक्षण दिइएको छ । संयुक्त राष्ट्र संघ लागु औषध नियन्त्रण कार्यक्रमले लागु पदार्थको रोकथाम खेलकुद र खेलाडीमार्फत गर्नुपर्ने मान्यता राख्ने गर्दछ । खेलाडीहरूसँग नै यसविरुद्ध लड्ने ठूलो साहश र शक्ति हुने भएकाले उनीहरूलाई यसको रोकथामका लागि अगाडि सारिँदै आएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) र लागु पदार्थ तथा एड्सविरुद्ध नेपाल खेलकुद महासंघको संयुक्त आयोजना सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरको ओडिटोरियम हलमा आयोजित कार्यक्रममा बुधबार एक दिने प्रशिक्षण आयोजना गरेको हो । नेपालमा असार १२ गते लागु औषधविरुद्ध अन्तर्राष्ट्रिय दिवस मनाइँदै छ । सोही अवसरमा यसको रोकथामबारे अभियान चलाउने उद्देश्यअनुरूप उक्त कार्यक्रम गरिएको एड्सविरुद्ध खेलकुद महासंघका अध्यक्ष ऋषिराज ओझाले जानकारी दिए । उक्त कार्यक्रममा करिब दुई सय जना सहभागी भएको ओझाले जानकारी दिए । लागु पदार्थ दुरूपयोग सम्बन्धि प्रशिक्षणमा न्यार्कोटिकभित्र एन्टी डोपिङ पनि समावेश गरिएको छ ।

राष्ट्रिय टिम तयारीको विशेष प्रशिक्षणमा रहेका विभिन्न खेलका खेलाडी, प्रशिक्षक र खेल पदाधिकारीलाई एन्टि डोपिङका बारेमा प्रशिक्षण दिइएको हो । यस प्रशिक्षणमा लागुऔष सेवनले कस्तो असर पर्छ र यसको रोकथामका लागि खेलाडीको कस्तो भूमिका रहन सक्छ आदि विषयबारे कक्षासहित विभिन्न वक्ताले धारणा राखेका थिए ।

उक्त कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ, ओलम्पियन तथा धाविका सन्तोषी श्रेष्ठ, युएनओडीसीका हेड अलिरिच मैइजर र नेपाल कराते महासंघका अध्यक्ष युवराज लामालगायतले धारणा राखेका थिए ।

उक्त कार्यक्रममा सदस्यसचिव घिसिङले भने एन्टी डोपिङका बारेमा सबै खेलाडीले बुझ्नु जरुरी रहेको र यसको सेवनले खेलाडीको खेलजीवनै समाप्त हुनबारे धारणा राखेका थिए । त्यसैले हरेक खेलाडीले यस विषयमा सचेत हुनु पर्ने र यस्ता कार्यक्रम खेलाडीका लागि निकै फलदायी हुने उनको भनाइ थियो । साथै उक्त प्रशिक्षणमा एन्टिडोपिङ भनेको के हो ? यसको सेवनले के हुन्छ ? कस्तो अवस्थामा यसको चेकजाँच हुन्छ ? यसले खेलाडीको जीवनमा कस्तो प्रभाव पार्छ र आम सर्वसाधरण जन्तालाई एन्टी डोपिङ बारेमा बुझाउन खेलाडीको कस्तो भूमिका रहन सक्छ आदि विषयबारे प्रशिक्षण कक्षा सहित विभिन्न वक्ताले धारणा पनि राखेका थिए ।

## प्रथम नेकोस कप राष्ट्रिय महिला भलिबल

# एपिएफलाई हराउँदै न्यु डायमन्ड बन्यो च्याम्पियन




**काठमाडौँ (प्रस)–** न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबले प्रथम नेकोस कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि जितेको छ ।

मकवानपुरको हेटौंडा ४ हुप्राचौरस्थित भलिबल कोर्टमा बुधबार सम्पन्न फाइनलमा न्यु डायमन्डले विभागीय नेपाल एपिएफ क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । उपाधिसँगै डायमन्डले ४ लाख ९९ हजार रूपैयाँ प्राप्त गर्यो । उपविजेता एपीएफले ३ लाख रूपैयाँमा चित्त बुझायो । तेस्रो भएको नेपाल पुलिस क्लबले १ लाख र चौथो भएको गण्डकी प्रदेशले ५१ हजार रूपैयाँ हासिल गर्‍यो । न्यु डायमन्डले पहिलो सेट २५-१२ ले सहजै आफ्नो पक्षमा पार्यो । दोस्रो सेटमा पुनरागमन गर्दै २५-२३ ले खेल आफ्नो पक्षमा ल्यायो । तेस्रो तथा अन्तिम सेट भने २५-१८ ले जित्यो । बुधबार नै भएको अर्को खेलमा पुलिसले गण्डकीलाई ३-० को सोझो सेटमा पराजित गर्दै तेस्रो स्थान हासिल गरेको थियो । प्रतियोगिताको उत्कृष्ट खेलाडी न्यु डायमन्डकी सुमित्रा रेग्मी भएकी थिइन् ।


## साउदीमा रोजगार
कम्पनी : AL-SULAN STRUCTURES FACTORY FOR IRON STRUCTURES

पूर्व स्वीकृति मिति : २०८२/03/११ | LT. No. 320657 | चलानी नं. ६०२३४७८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 15 | 0 | 1800 | ६५,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## जापानमा रोजगार
कम्पनी : COOPERATIVE SOCIETY FORWARD

पूर्व स्वीकृति मिति : २०८२/03/१0 | LT. No. 326104 | चलानी नं. ६०२४०१३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BOOKBINDING M OP. | 2 | 0 | 155000 | १४६,५६० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८२ असार १९ गते (3rd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३८/०५५/०५६

Lucky Overseas Pvt. Ltd.
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com

## साउदीमा रोजगार
कम्पनी : INTER COMMUNICATIONS AND INFORMATION TECHNOLOGY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/११ | LT. No. 326187 | चलानी नं. ६०२४०११३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Helpers | 2 | 0 | 1000 | ३६,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : IKTAHAF CAFE EST. TO PROVIDE BEVERAGES

पूर्व स्वीकृति मिति : २०८२/03/११ | LT. No. 326188 | चलानी नं. ६०२४०११४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE PROVIDER | 2 | 0 | 1200 | ४३,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SILVER AXIS TO PROVIDE BEVERAGES EST.

पूर्व स्वीकृति मिति : २०८२/03/११ | LT. No. 326183 | चलानी नं. ६०२४०११६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE | 4 | 0 | 1200 | ४३,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

## कतारमा रोजगार
कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/03/११ | LT. No. 311682 | चलानी नं. ६०२२६१९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 1 | 1400 | ५२,८७७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 3 | 0 | 1000 | ३७,७६९ | | | | | | | |
| 3 | Sales-Man | 0 | 1 | 1400 | ५२,८७७ | | | | | | | |

कम्पनी : CLEANZY HOSPITALITY & SERVICES

पूर्व स्वीकृति मिति : २०८२/03/११ | LT. No. 326106 | चलानी नं. ६०२४००७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN. CLEAN WORKER | 0 | 4 | 1000 | ३७,७६९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Ground Steward (Female) | 0 | 4 | 1400 | ५२,८७७ | | | | | | | |

कम्पनी : ASYAD ALLMAN FOR CLEANING AND SERVICE

पूर्व स्वीकृति मिति : २०८२/03/११ | LT. No. 326163 | चलानी नं. ६०२४०१६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOKER/COOK | 0 | 1 | 1600 | ६०,४३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | WASHER MAN/WASHING PERSON | 0 | 6 | 1000 | ३७,७६९ | | | | | | | |


अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम ईजाजत नं. ८३३/०६६/०६७



दक्षिणपश्चिम चीनको चोङकिङ नगरपालिकामा रहेको डाजु रक कार्भिङ्स रमणीय स्थलमा डिजिटल श्रव्य दृश्यको अनुभव गर्दै एक पर्यटक । युनेस्को विश्वसम्पदा स्थल डाजु रक कार्भिङ्सको संरक्षण र उपयोगका लागि विभिन्न डिजिटल प्रविधिहरू प्रयोग गरिएको छ । *तस्बिरः सिन्ह्वा*

# नेटोको 'ऐतिहासिक' खर्च वृद्धिको ट्रम्पद्वारा प्रशंसा



**द हेग–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर एट्लान्टिक सन्धि संगठन (नेटो) का सहयोगी राष्ट्रहरूसँग बुधबार भएको वार्तामा रक्षा खर्च बढाउने विषयमा भएको सम्झौता 'सबैका लागि ठूलो विजय' भएको बताएका छन् ।

सन् २०३५ सम्ममा सदस्य राष्ट्रले आफ्नो उत्पादनको पाँच प्रतिशत रक्षामा खर्च गर्ने प्रतिबद्धता व्यक्त गरिएको सम्झौताका लागि अमेरिकी राष्ट्रपति ट्रम्पले प्रशंसा गरेका हुन् । 'मलाई लाग्छ, यो सबैका लागि ठूलो विजय हो । हामी चाँडै नै बराबरीमा पुग्ने छौं र यो हुनैपर्छ,' ट्रम्पले भने, 'मैले धेरै वर्षदेखि आम्दानीको पाँच प्रतिशतसम्म खर्च बढाउनका लागि सदस्य राष्ट्रहरूलाई आग्रह गर्दै आइरहेको थिएँ केही समयमा पाँच प्रतिशतसम्म जाने उनीहरूबाट प्रतिबद्धता आएको छ । यो धेरै महत्त्वपूर्ण समाचार हुने छ ।'

बैठकको आयोजना गर्दै नेटोका महासचिव मार्क रुटले राजा विलियम-अलेक्जेन्डरले मंगलबार आफ्नो राजदरबारमा आयोजना गरेको रात्रिभोजमा ट्रम्प 'राम्रो मुड' मा रहेको र अमेरिकी नेता आफ्ना सहयोगीहरूबाट प्रेरित भएको बताएका थिए । राष्ट्रपति ट्रम्पले ट्रुथ सोसल नेटवर्कमा गरेको पोस्टमा उल्लेख छ, 'सुन्दर नेदरल्याण्ड्समा दिनको सुरुआत भएको छ । राजा र रानी सुन्दर र शानदार मानिसहरू हुन् । हाम्रो 'ब्रेकफास्ट मिटिङ' निकै राम्रो भएको छ ।'

बैठकमा प्रवेश गर्दै नेताहरूले शिखर सम्मेलनको योजनाबद्ध खर्च वृद्धिलाई एउटै लाइनमा उभिएर प्रतिबद्धता जनाउँदै 'ऐतिहासिक' घोषणा गरेका थिए । अमेरिकी रिपब्लिकन नेता ट्रम्पले लामो समयदेखि युरोपले आफ्नो प्रतिरक्षामा धेरै कम खर्च गरेको गुनासो गर्दै आएका छन् भने नेटोका सहयोगीहरूले रुसबाट बढ्दो खतराको सामना गर्न र ट्रम्पलाई खुसी राख्न पनि यो वृद्धि आवश्यक रहेको बताएका छन् ।

वृद्धि गर्ने सम्झौताबारे बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभरले भने, 'युरापेली नागरिकको हैसियतले हामीले इतिहासबाट लामो अवरूद्धता समाप्त भएको महसुस गर्नुपर्छ । महाद्वीपले 'निकै कठिन समयमा' आफ्नो सुरक्षाको जिम्मेवारी लिन आवश्यक छ ।' उक्त प्रतिबद्धताले कूल गार्हस्थ उत्पादन (जिडिपी) को ३.५ प्रतिशत खर्चलाई शुद्ध रक्षा लागतमा विभाजन गरेको छ- जुन हालको अमेरिकी स्तरभन्दा केही माथि छ र अर्को १.५ प्रतिशत साइबर सुरक्षा र पूर्वाधार जस्ता व्यापक सुरक्षा-सम्बन्धित क्षेत्रहरूमा विभाजन गरिएको छ ।

यो सम्झौता पूरा भएपछि गठबन्धनको आधारभूत जगमा ध्यान केन्द्रित भयो । यसको पारस्परिक प्रतिरक्षा बुँदाले एकमाथि आक्रमण गर्नु भनेको सबैमाथिको आक्रमण भएको बताउँछ । नेटो सन्धिको धारा पाँच भनेर चिनिने यो वाचाको वैधतामाथि केही शंका व्यक्त गर्दै ट्रम्पले हेग जाने क्रममा पत्रकारहरूलाई भने, 'यो तपाईंको परिभाषामा निर्भर गर्दछ । अनुच्छेद पाँचको धेरै परिभाषाहरू छन् ।'

रुटले ट्रम्प र संयुक्त राज्य अमेरिका अझै पनि धारा ५ प्रति 'पूर्णरूपमा प्रतिबद्ध' रहेको विश्वास व्यक्त गरे । बुधबार रुटसँगको भेटमा सामूहिक प्रतिबद्धताबारे सोधिएको प्रश्नमा ट्रम्पले भने, 'हामी उनीहरूसँगै छौं ।'

बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले वासिङ्टनको अडानबारे स्पष्ट हुनुपर्ने विभिन्न प्रश्नको जवाफ दिएका थिए । स्टार्मरले भने, 'हामी धेरै अस्थिर संसारमा बाँचिरहेका छौं र आज नेटोको एकताले त्यसलाई सामना गर्ने शक्ति देखाउँछ ।' यसअघिको सन्देशमा रुटले ट्रम्पको उच्च प्रशंसा गर्दै खर्च वृद्धिका लागि सबैलाई समितिमा ल्याएकोमा उनीप्रति कृतज्ञता व्यक्त गरेका थिए । रुटले ट्रम्पलाई लेखेको पत्रमा भनिएको छ, 'युरोपले उनीहरूको जिम्मेवारीअनुसार ठूलो रकम तिर्ने छ, र यो तपाईंको जित हुने छ । हेगमा तपाईं अर्को ठूलो सफलतामा जाँदै हुनुहुन्छ ।'

### 'राम्रो व्यक्ति'

रुसले युक्रेनमाथि गरेको आक्रमणलाई आधार मानेर राष्ट्रपति ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई शिखर सम्मेलनको साइडलाइनमा भेट्ने तयारी गरेका छन् । जेलेन्स्कीले विगतका शिखर सम्मेलनहरूमा भन्दा यहाँ कम सक्रियता देखाएका छन् । ट्रम्प र जेलेन्स्कीबीच 'ओभल अफिस' मा भएको 'दुखद्' वार्ताको प्रभावलाई कम गर्ने उद्देश्यले जेलेन्स्कीलाई निस्क्रिय बस्न सहयोगी अन्य राष्ट्रको सुझावअनुसार उनले सम्मेलनमा युक्रेनका मुद्दालाई सहयोगी राष्ट्रहरूमार्फत पेस गरेको हुनसक्छ ।

ट्रम्पले उनलाई 'राम्रो मान्छे' को संज्ञा दिँदै युद्धविरामका बारेमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग कुरा गरिरहेको उल्लेख गर्दै भने, 'मलाई लाग्छ प्रगति भइरहेको छ ।' रुटले सहयोगीहरूले किएभलाई समर्थन 'अटुट छ र जारी रहने छ' भन्ने सन्देश दिएको बताए ।

'युक्रेनको सदस्यताका लागि बोली 'अपरिवर्तनीय' रहेको उहाँको जिद्दीको बावजुद नेटोले ट्रम्पले अस्वीकार गरेपछि किएभको सदस्यताका लागि धक्काको कुनै पनि प्रसंगलाई बेवास्ता गर्ने छ,' हंगेरीका क्रेमलिनमैत्री प्रधानमन्त्री भिक्टर ओर्बानले भने । 'युक्रेनमा नेटोको कुनै काम छैन,' उनले भने, 'मेरो काम यसलाई यथास्थितिमा राख्नु हो ।' *रासस/एएफपी*

# लेबनान पुनर्निर्माणका लागि २५ करोड डलर दिने विश्व बैंकको घोषणा

**बेरुत–** विश्व बैंकले गत वर्ष इजरायल र इरान समर्थित हिजबुल्लाहबीचको विनासकारी युद्धपछि लेबनानको पुनर्निर्माण र पुनर्प्राप्तिमा सहयोग गर्न २५ करोड डलरको परियोजनालाई स्वीकृति दिएको छ । बैंकले यसअघि पुनर्निर्माण र पुनर्प्राप्तिको लागत करिब ११ अर्ब डलर खर्च हुने अनुमान गरेको थियो ।

'विश्व बैंकको कार्यकारी निर्देशक बोर्डले हिजो लेबनानलाई क्षतिग्रस्त महत्त्वपूर्ण सार्वजनिक पूर्वाधार र लाइफलाइन सेवाहरूको सबैभन्दा जरुरी मर्मत र पुनर्निर्माण तथा द्वन्द्वप्रभावित क्षेत्रहरूमा भग्नावेशषको दिगो व्यवस्थापनलाई सहयोग गर्न २५ करोड अमेरिकी डलरको आर्थिक सहयोग स्वीकृत गरेको छ,' बैंकले एक विज्ञप्तिमा भन्यो ।

विश्व बैंकको मध्यपूर्व विभागका डिभिजन निर्देशक जिन-क्रिस्टोफ कार्रेटले भने, 'लेबनानको ठूलो पुनर्निर्माण आवश्यकतालाई ध्यानमा राख्दै परियोजनालाई विश्व बैंकबाट प्रारम्भिक २५ करोड डलर योगदानका साथ एक अर्ब डलरको स्केलेबल फ्रेमवर्कको रूपमा संरचित गरिएको छ ।' लेबनानका प्रधानमन्त्री नवाफ सलामले यस निर्णयलाई स्वागत गर्दै यस परियोजनालाई 'युद्ध प्रभावित क्षेत्रहरूमा महत्त्वपूर्ण पूर्वाधार र आवश्यक सेवाहरूमा भएको क्षतिको जवाफ दिएर पुनर्निर्माणको महत्त्वपूर्ण कदम' भनेका छन् । 'यो सहयोगले राज्यको नेतृत्वमा रहेको कार्यान्वयन ढाँचाभित्र पुनर्प्राप्ति प्रयासहरूलाई बलियो बनाउँछ र धेरै आवश्यक अतिरिक्त वित्तपोषणको लाभ उठाउँछ,' उनले भने ।

लेबनानी समूह हिजबुल्लाह र इजरायलबीच सेप्टेम्बरमा सुरु भएको पूर्ण युद्धसहित एक वर्षभन्दा बढीको शत्रुता नोभेम्बरको अन्त्यमा युद्धविराम सम्झौतामा समाप्त भएको थियो । द्वन्द्वले लेबनानभर व्यापक विनास गऱ्यो । विशेषगरी देशको दक्षिण र पूर्वमा हिजबुल्लाहको गढ र बेरुतको दक्षिणी उपनगरहरूमा ठूलो विनास ल्यायो र सन् २०१९ मा सुरु भएको आर्थिक संकटले गर्दा आर्थिक संकटलाई अझ बढाएको छ । पुनर्निर्माण लेबनानको सरकारले सामना गरिरहेको सबैभन्दा ठूलो चुनौतीहरूमध्ये एक हो । *रासस/एएफपी*

# दक्षिणपश्चिम चीनमा बाढीबाट ८० हजारभन्दा बढी मानिस विस्थापित



**सांघाई–** चीनको दक्षिणपश्चिममा आएको बाढीले ८० हजारभन्दा बढी मानिसलाई विस्थापित गरेको सरकारी सञ्चारमाध्यमले बुधबार बताएको छ । भत्किएको पुलका कारण एक ट्रक चालकलाई पुलको छेउमा झुण्डिएको अवस्थामा नाटकीयरूपमा उद्धार गर्नुपरेको छ ।

चीनले चरम मौसमको गर्मीको सामना गरिरहेको छ । मुलुकमा गर्मीको लहरले देशको फराकिलो भागलाई तताइरहेको छ भने आँधीसहितको वर्षाले अन्य क्षेत्रलाई बगाएको छ । दक्षिणपश्चिमी गुइझोउ प्रान्तमा मंगलबार दिउँसोसम्म करिब ८० हजार ९०० जनालाई सुरक्षित स्थानमा सारिएको सरकारी समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ ।

रोङजियाङ काउन्टीमा एउटा फुटबल मैदान 'तीन मिटर पानीमुनि डुबेको' समाचार एजेन्सीले जनाएको छ । राज्य प्रसारणकर्ता सिसिटिभीको फुटेजले प्रान्तको एउटा पहाडी क्षेत्रमा गाउँहरू डुबानमा परेको र एउटा पुल भत्किएको देखाएको छ । उद्धारकर्ताहरूले बासिन्दाहरूलाई बोकेर डुंगाहरूलाई हिलो, घुँडासम्म पानीमा धकेलिरहेका थिए र आपत्कालीन कर्मचारीहरू नजिकै आउँदा बालबालिकाहरू बालविकास केन्द्रमा पर्खिरहेका थिए ।

'पानी धेरै चाँडो बढ्यो,' बासिन्दा लोङ तिआनले भने, 'म तेस्रो तल्लामा उद्धारको पर्खाइमा बसेँ । दिउँसोसम्म मलाई सुरक्षित ठाउँमा सारिएको थियो ।'

बाढीपीडितहरूका लागि चामललगायत आपूर्तिहरू पुऱ्याउन ड्रोन तयार गरिरहेको एक टोली पनि देखिएको थियो । स्थानीय सञ्चारमाध्यमले प्रसारण गरेको भिडियोमा ट्रक चालक यू गुओचुनले भत्किएको पुलको खण्डको छेउमा अड्किएपछिको आफ्नो डरलाग्दो उद्धारको वर्णन गरेका छन् । 'मेरो अगाडि एक पुल पूर्णरूपमा भत्कियो,' उनले भने, 'म धेरै डराएको थिएँ ।'

### चरम मौसम

बाढीले छिमेकी गुआंसी क्षेत्रमा पनि असर पारेको छ । सरकारी सञ्चारमाध्यमले त्यहाँ बासिन्दाहरूलाई सुरक्षित स्थानमा पुऱ्याउने उद्धारकर्ताहरूको भिडियो प्रकाशित गरेको छ । भारी वर्षाका कारण मध्य चिनियाँ प्रान्त हुनानमा गत हप्ता १०औं हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो ।

टाइफुन वुटिपका कारण आएको भारी बाढीपछि केही दिनअघि नै दक्षिणी चीनमा करिब ७० हजार मानिस विस्थापित भएका थिए । चिनियाँ अधिकारीहरूले गत हप्ता छ वटा क्षेत्रमा पहाडी बाढीका लागि वर्षको पहिलो रातो चेतावनी जारी गरे । रातो चेतावनी देशको चार-स्तरीय प्रणालीमा सबैभन्दा गम्भीर चेतावनी स्तर हो ।

स्थानीय सरकारहरूले बासिन्दाहरूलाई समयमै चेतावनी जारी गर्न आग्रह गर्दै प्रभावित क्षेत्रका केही क्षेत्र 'अत्यधिक प्रभावित हुने सम्भावना' रहेको सिन्ह्वाले जनाएको छ । वैज्ञानिकहरूका अनुसार हरितगृह ग्यास उत्सर्जनले बढाएको जलवायु परिवर्तनले यस्ता चरम मौसमी घटनाहरूलाई धेरै बारम्बार र धेरै तीव्र बनाइरहेको छ ।

बेइजिङका अधिकारीहरूले यस हप्ता यस वर्षको अहिलेसम्मको सबैभन्दा तातो दिनमा राजधानीका लागि दोस्रो उच्च गर्मी चेतावनी जारी गरेका थिए । गत वर्ष चीनको रेकर्डमा सबैभन्दा तातो थियो र पछिल्लो चार वर्ष अहिलेसम्मकै सबैभन्दा तातो थियो । चीन विश्वको सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जक हो तर नवीकरणीय ऊर्जाको पावरहाउस पनि हो । चीनले सन् २०६० सम्ममा कार्बन डाइअक्साइड उत्सर्जनलाई शुद्ध शून्यमा कटौती गर्न खोजेको छ । *रासस/एएफपी*

# इरानी राष्ट्रपतिद्वारा '१२ दिने युद्धको अन्त्य भएको' जानकारी

**तेहरान–** इरानी राष्ट्रपति मसूद पेजेस्कियनले मंगलबार १२ दिने युद्धको अन्त्य भएको घोषणा गर्दै सबै सरकारी निकायलगायतका संस्थाहरूलाई पुनर्निर्माणमा आफ्ना सबै प्रयासहरू केन्द्रित गर्न आग्रह गरेका छन् ।

पेजेस्कियनले युद्धविराम लागू भएपछि इरानी जनतालाई दिएको सन्देशमा भने, 'आज तपाईंको साहसी र ऐतिहासिक साथले हामी युद्धविराम र इजरायलले इरानविरूद्ध लादेको १२ दिनको युद्धको अन्त्य गर्न सफल भयौं ।'

इजरायल आणविक सुविधाहरू नष्ट गर्ने र आणविक ज्ञानलाई कमजोर पार्ने साथै सामाजिक उत्तेजना गराउने लक्ष्यहरू हासिल गर्न असफल भएको उनले बताएका छन् । यसैगरी, इजरायल र यसका सहयोगीहरूले कब्जा गरिएका क्षेत्रहरूमा महत्त्वपूर्ण सुविधाहरू र केन्द्रहरूको विनासले विश्वलाई एउटा प्रमुख सन्देश पठाएको र इरानविरूद्धको दुस्साहसको मूल्य अत्यधिक भारी भएको भन्ने बुझाएको बताएका छन् ।

मंगलबार संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानसँगको फोनवार्तामा पेजेस्कियनले आफ्नो देश वार्ताको टेबलमा अन्तर्राष्ट्रिय ढाँचाभित्र सबै मुद्दाहरू समाधान गर्न तयार रहेको बताएका छन् । अमेरिका र इजरायलले इस्लामिक देशहरूबीच कलह र शत्रुता सिर्जना गर्न खोजिरहेको बताउँदै उनले इरानले यस क्षेत्रमा एकता र शान्ति बलियो बनाउन उनीहरूलाई विकासको गति बढाउनका लागि आधार मान्ने उल्लेख गरेका छन् ।

यही जुन १३ मा इजरायलले आणविक र सैन्य स्थलसहित इरानका विभिन्न क्षेत्रहरूमा हवाई आक्रमण गर्दा वरिष्ठ कमाण्डर, आणविक वैज्ञानिक र नागरिकहरूको मृत्यु भएको छ । इरानले इजरायलमा मिसाइल र ड्रोन आक्रमण गरी जवाफी हमला गर्दा कयौं हताहत र भारी क्षति पुगेको जनाइएको छ ।

शनिबार अमेरिकी एयर फोर्सले तीन इरानी आणविकस्थलहरू (फोर्डो, नटाञ्ज र इस्फहान) मा बम प्रहार गरेको थियो । यसको जवाफमा इरानले सोमबार कतारस्थित अमेरिकी एयरबेसमा मिसाइल प्रहार गरेको थियो । *रासस/सिन्ह्वा*


साउदीमा रोजगार — कम्पनी : KARAKER CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 326150 | चलानी नं. ६०२४०१०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER TRUCK | 2 | 0 | 1800 | ६५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Load unload Worker | 5 | 0 | 1100 | ४०,३१८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

साउदीमा रोजगार — कम्पनी : PADRA MEDICAL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 326236 | चलानी नं. ६०२४०१६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 0 | 10 | 4000 | १४६,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३०/०७४/०७५
Career Development Human Resource Pvt. Ltd.
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

साउदीमा रोजगार — कम्पनी : AMINENT NEXUS LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 326047 | चलानी नं. ६०२४००९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waterproofing agent | 1 | 0 | 1800 | ६५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

युएइमा रोजगार — कम्पनी : SMARTVISION TECHNICAL SERVICES — शहर : Al Khabeesi Building Deira Dubai

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 326182 | चलानी नं. ६०२४०११२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bldg. Labourers | 10 | 0 | 1000 | ३७,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter | 10 | 0 | 1200 | ४४,९३० | | | | | | | |
| 3 | Plumber | 10 | 0 | 1200 | ४४,९३० | | | | | | | |
| 4 | Steal Fixer | 10 | 0 | 1200 | ४४,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १९ गते (3rd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९३५०० | प्रति तोला – ० | प्रति तोला – २१६० |

## नेपालकै पहिलो फाइबर सिमेन्ट बोर्ड उद्योग सञ्चालन



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइएमई ग्रुपको डेढ अर्ब लगानीमा नेपालमै पहिलो पटक अन्तर्राष्ट्रिय गुणस्तरको फाइबर सिमेन्ट बोर्ड उत्पादन गर्ने उद्योग, एभरेष्ट फाइबर सिमेन्ट बोर्ड उद्योग बुधबारदेखि सञ्चालनमा आएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले बुधवार काठमाडौमा आयोजित कार्यक्रममा उद्योगको उद्घाटन गर्दै सो उद्योगबाट उत्पादित फाइबर सिमेन्ट बोर्ड तथा त्यसबाट निर्माण हुने विविध उत्पादनहरूलाई औपचारिक रूपमा सार्वजनिक गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले स्वदेशमै गुणस्तरीय, वातावरणमैत्री र अत्याधुनिक प्रविधिमा आधारित उद्योगको स्थापना हुनु नेपालको औद्योगिक विकासतर्फको महत्वपूर्ण पाइला रहेको बताए । मन्त्री भण्डारीले यो उद्योगले केवल आयात प्रतिस्थापन मात्र होइन, निर्माण क्षेत्रलाई दिगो विकासको बाटोमा डोर्‍याउने भएकाले सरकारले उत्पादनमुखी लगानीलाई सधैं प्रोत्साहन दिने उल्लेख गरे ।

उक्त समारोहलाई सम्बोधन गर्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्र प्रसाद ढकालले स्वदेशी कच्चा पदार्थ र स्थानीय स्रोतको प्रयोग गरी निर्माण क्षेत्रमा योगदान पुर्‍याउने गरी नयाँ उद्योग स्थापना गरेको बताए ।

आइएमई ग्रुप अन्तर्गत करिब डेढ अर्ब रूपैयाँको लगानीमा स्थापना गरिएको यो उद्योग रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिका-६ मा अवस्थित छ । यो उद्योगमा कच्चा पदार्थ मिसावटदेखि बोर्ड कटिङ, प्रेसिङ र ड्रइङसम्मका सम्पूर्ण प्रक्रिया पूर्ण रूपमा अटोमेटेड प्रविधिमा आधारित छन् । उद्योगले दैनिक ७५ हजार स्क्वायर फिट सिमेण्ट फाइवर बोर्ड उत्पादन गर्न सक्ने क्षमता राख्छ । यहाँ उत्पादित बोर्डहरू ४ फिट लम्बाइ, ८ फिट चौडाइ, र ४ एमएमदेखि ३० एमएम मोटाइमा उपलब्ध छन्। यी बोर्डहरू लचकदार, अग्नि-प्रतिरोधी, घाम-पानीले असर नपर्ने, वातावरणमैत्री तथा अत्यन्तै टिकाउ छन् ।

फाइबर सिमेन्ट बोर्डको प्रयोग भवनको बाहिरी भाग, पाटीशन, फल्स सिलिङ, मोडुलर किचन, इको प्यानल लगायत विभिन्न संरचनामा गरिन्छ । यस उद्योगले स्थानीय रोजगार प्रवर्द्धनमा जोड दिएको छ। हाल करिब २०० जनाले प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी पाएका छन्, जसमा ९८ प्रतिशतभन्दा बढी स्थानीय जनशक्ति र ४० प्रतिशतभन्दा बढी महिला कामदार छन् ।

## आन्तरिक उत्पादन प्रवर्द्धन हुनेगरी राजस्व नीति तय गर्न जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–**प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिले आन्तरिक उत्पादन तथा स्वदेशी उद्योगहरू समस्यामा नपर्ने गरी राजस्व नीति अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराएको छ । केही उद्योगी व्यवसायीबाट सरकारको कर नीतिका कारण समस्यामा परेको भनी समितिमा निवदेन परेकाले यस विषयमा उचित निर्णय लिई स्वदेशी उद्योग प्रवर्द्धनमा जोड दिन सरकारको ध्यानाकर्षण गराउने आजको बैठकले निर्णय गरेको सभापति सन्तोष चालिसेले जानकारी दिए ।

सरकारले आगामी आर्थिक वर्ष २०८२/अव्यवहारिक रहेका र भन्दै सुनचाँदी व्यवसायी, आयुर्वेदिक औषधि व्यवसायी र फलाम तथा डण्डी उद्योगीहरूले अर्थ समितिसँग सहयोगका लागि आह्वान गरेका छन् । सुन, चाँदी, हिरालगायत वस्तुमा दुई प्रतिशत विलासिता शुल्क र १३ प्रतिशतको मूल्य अभिवृद्धि कर (भ्याट) लगाइएको भन्दै सुनचाँदी व्यवसायी विरोधमा छन् ।

त्यस्तै, अतिआवश्यक औषधिजन्य वस्तुका रूपमा रहेको आयुर्वेदिक औषधिहरूमा १३ प्रतिशत भ्याट लगाइएको भन्दै सोको खारेजीको माग गर्दै आयुर्वेदिक औषधि व्यवसायीहरूले अर्थ समितिमा निवदेन दिएका छन् । 'वायर रड' भनिने ग्याबिन तार बनाउन प्रयोग हुने कच्चा पदार्थ आयातमा १० प्रतिशत भन्सार लगाइएकामा त्यसलाई रोक्न फलामे छड तथा डण्डी व्यवसायीहरू पनि अर्थ समिति पुगेका छन् ।

यी तीन वटै क्षेत्रका व्यवसायीहरूले सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत् लिएका करका दर लागू भएमा स्वदेशी उद्योगहरू समस्यामा पर्ने र ठूलो सङ्ख्यामा रोजगारी गुम्ने भन्दै समितिमार्फत सरकारको ध्यानाकर्षण गराइरहेका छन् ।

व्यवसायीहरूसँगको छलफलपछि समितिको बैठकले स्वदेशी उद्योगहरू प्रवर्द्धन गर्नेगरी करका नीति अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराएको सभापति चालिसेले बताए । 'आर्थिक विधेयक, २०८२ अहिले संसद्मा विचाराधीन अवस्थामा छ । संसद्बाट पारित हुनुअघि करका दरमा संशोधन गर्न सकिने भएकाले समितिले यसबारे सरकारको ध्यानाकर्षण गराएको हो', उनले भने । अर्थ समितिको बैठकमा अधिकांश सांसदहरूले स्वदेशी उत्पादनलाई समस्यामा पार्ने गरी करका दरहरू ल्याइएकाले त्यसमा सरकारले पुनर्विचार गर्नुपर्ने धारणा राखेका थिए ।

आयातित कच्चा वस्तुमा भन्दा उपभोग्य वस्तुमा बढी कर लगाइएको, अत्यावश्यक वस्तुमासमेत सरकारले भ्याट लगाएको, साफ्टासम्बन्धी प्रावधानहरूका कारण नेपालका उत्पादनले भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेकालगायत विषय समितिमा उठेका थिए । त्यस्तै, संसद्बाट पारित हुनुअघि आर्थिक ऐन संशोधन गर्न सकिने भएकाले पनि यस विषयमा समितिले सरकारको ध्यानाकर्षण गराउनुपर्ने धारणा समिति सदस्यहरूको थियो ।

बैठकमा सांसदहरू गङ्गा कार्की, पूर्णबहादुर तामाङ, जुलीकुमारी महतो, ज्ञानबहादुर शाही, नारायणप्रसाद आचार्य, नारायणी शर्मा, वर्षमान पुन, डा प्रकाशशरण महतलगायतले स्वदेशी उत्पादनलाई समस्या नपर्ने गरी करका दर तय हुनुपर्ने धारणा राखेका थिए ।

संसद्मा विचाराधीन आर्थिक विधेयकमा राखिएका केही व्यवस्थाले आन्तरिक उत्पादन र व्यवसायीलाई समस्या पर्ने देखिएमा यसबारे पुनर्विचार गरिनुपर्ने उनीहरूको भनाइ थियो । संसद्मा विचाराधीन उक्त विधेयकमाथि समितिमा छलफल आवश्यक हो/होइन, समितिले निर्देशन दिन मिल्छ/मिल्दैन भन्नेबारे सांसदहरूबीच भने फरक मत देखिएको थियो । आर्थिक ऐन संशोधन गर्न सकिने भएकाले समितिबाट सुझाव पठाउन सकिने केही सदस्यहरूको धारणा थियो ।

## कर्पोरेट

### दक्षिण अफ्रिकाका राजदूतलाई स्वागत



**काठमाडौं (प्रस)–** दक्षिण अफ्रिकाका नवनियुक्त राजदूतलाई मानार्थ वाणिज्यदूत प्रदिप कुमार श्रेष्ठले स्वागत गरेका छन् । नेपालको तर्फबाट दक्षिण अफ्रिकी राज्यको लागी नियुक्त मानार्थ वाणिज्यदूत श्रेष्ठले मंगलबार ललितपुरस्थित वाणिज्यदूत कार्यालयमा आयोजित एक कार्यक्रम बीच दक्षिण अफ्रिकी गणतन्त्रात्मक राज्यका नवनियुक्त राजदूत महामहिम प्राध्यापक अनिल सुकलाल र उनकी श्रीमती डा. निलिस्त्र सुकलाल सिंहलाई स्वागत गरेका हुन् । सो भ्रमणको क्रममा, राजदूत र मानार्थ वाणिज्यदूतले द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्दै दुई देशबीच व्यापारिक अवसरहरूको खोजी गर्ने बारेमा छलफल सम्पन्न गरेका थिए । त्यस्तै, उनीहरूले नेपाल र दक्षिण अफ्रिकाबीच उच्चस्तरीय प्रतिनिधिमण्डल सहितको भेटघाट तथा अनुभव आदानप्रदानको विषयमा समेत छलफल भएको थियो ।

### 'मन्जुश्री'ले सुरू गर्‍यो स्मार्ट डिपोजिट



**काठमाडौं (प्रस)–** मञ्जुश्री फाइनान्सले खल्तीसँगको सहकार्यमा डिजिटल वालेट मार्फत बचत गर्न सकिने 'स्मार्ट डिपोजिट' सुविधा सुरु गरेको छ । मन्जुश्री फाईनाईन्स र खल्तीको सहकार्यमा सुरु गरिएको स्मार्ट डिपोजिट जस्तो नविनतम प्रविधिले वित्तिय कारोबारमा प्रविधि प्रयोगलाई थप व्यापक बनाउने छ । खल्तीमार्फत् आफ्नो वित्तिय कारोबार गरिरहेका ग्राहकले सजिलै मन्जुश्रीमा खाता खोल्न र आफ्नो कारोबार गर्न सक्नेछन् । यसले वित्तिय संस्थामा गएर खाता खोल्नका लागि खर्चनु पर्ने समय बचत हुनेछ भने वित्तिय कारोबार गर्न झनै सहज हुने विश्वास रहेको मञ्जुश्री फाइनान्सका सीईओ तेजराज तिमिल्सिनाले बताए ।

यस सेवामार्फत खल्ती प्रयोगकर्ताले आफ्नो वालेटबाटै दैनिक, साप्ताहिक वा मासिक रूपमा निश्चित रकम बचत गर्न सक्नेछन् । बचत अवधि ६ महिना देखि ६० महिना सम्म चयन गर्न मिल्नेछ भने न्यूनतम १०० रूपैयाँबाट सुरुआत गर्न सकिने सुविधा रहेको छ । नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार खल्ती र मञ्जुश्री फाइनान्सको सहकार्यमा सुरु गरिएको 'स्मार्ट डिपोजिट जस्तो डिजीटल बचत फिचरले नेपाल राष्ट्र बैंकको वित्तीय पहुँच विस्तारको लक्ष्यलाई सार्थक बनाउन थप सहयोग पुर्याउने विश्वास छ ।

### नेशनल लाइफ इन्स्योरेन्सकी अध्यक्षले लिइन् शपथ



**काठमाडौं (प्रस)–** नेशनल लाईफ इन्स्योरेन्सकी अध्यक्ष प्रेमा राज्य लक्ष्मी सिंहले सपथ लिएकी छिन् । नेपाल बीमा प्राधिकरणको अध्यक्ष शरद ओझाबाट अध्यक्ष सिंहले एक कार्यक्रमको बीच बीमा ऐन २०७९ को दफा ४७ (६) को ब्यवस्था अनुसार पद तथा गोपनियताको शपथ ग्रहण गरेकी हुन् । कम्पनीको ३७ औं वार्षिक साधारण सभावाट कम्पनीको संचालक समितिको पूर्नगठन भई सिंह संचालक समितिको अध्यक्षमा सर्व सम्मतिवाट पूर्ननिर्वाचित भएकी थिइन् । उक्त अवसरमा प्राधिकरणका अध्यक्ष ओझाले कम्पनीको पूर्ननिर्वाचित अध्यक्ष सिंहको सफल कार्यकालको लागि शुभकामना व्यक्त गरेका थिए । उक्त अवसरमा अध्यक्ष सिंहले सपथ ग्रहण कार्यक्रम सम्पन्न भएकोमा प्राधिकरण अध्यक्षलाई आफ्नो र संचालक समितिको तर्फवाट आभार एवं धन्यवाद गरेकी थिइन् ।

### सिटिजन्स बैंकको 'डिजिटल लोन अगेन्स्ड फिक्स्ड डिपोजिट' सुविधा




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले ग्राहकहरूको सेवालाइ अझ सहज, सरल र आधुनिक बनाउने उद्देश्यले मुद्दती निक्षेप धितोमा अनलाइन माध्यमबाट नै कर्जा लिन सक्ने सुविधा ल्याएको छ । ग्राहकहरूलाई सरलिकृत सेवा दिने क्रममा आफ्नो मुद्दती निक्षेपको आधारमा अचानक आइपर्ने आवश्यक रकमको ऋण सहज रूपमा मोबाइल एप प्रयोग गरी प्राप्त गर्न सक्नेछन्, यस योजना अन्तर्गत बैंकबाट आफ्नो मुद्दती निक्षेपको ९० प्रतिशत वा बढीमा रु २ लाख रूपैयाँ सम्म (कम्तीमा रु ५ हजार देखि) ऋण लिन सक्नेछन् । सो रकम आवेदकको बचत खातामा तत्काल जम्मा हुनेछ । यसमा कुनै पनि भौतिक कागजात आवश्यक पर्ने छैन । सिटिजन्स बैंकले डिजिटल प्रविधिको उपयोग मार्फत आफ्ना ग्राहकहरूको समय, श्रम र स्रोतको बचत गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन निरन्तर रूपमा नयाँ-नयाँ डिजिटल सेवा ल्याउने क्रममा यो सेवा पनि थप गरिएको हो । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६८ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरूबाट १९ लाख ७ हजार भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

## नेप्से परिसूचकमा सामान्य गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक शून्य दशमलव ३३ अंकले घटेर दुई हजार ६०० दशमलव २० को विन्दुमा कायम भएको हो ।

तीन सय ११ कम्पनीको एक करोड ३७ लाख ५९ हजार ६०४ कित्ता शेयर ६१ हजार ८२४ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब ९४ करोड २८ लाख ५२ हजार २५६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा विकास बैंक शून्य दशमलव ०२, होटल तथा पर्यटन एक दशमलव ४३, जलविद्युत् शून्य दशमलव ६७, जीवन बीमा शून्य दशमलव ०६, म्युचुअल फन्ड शून्य दशमलव ०९ र निर्जीवन बीमा शून्य दशमलव १० प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।

सम्पूर्ण एजेन्सी
तथा विज्ञापनदाताहरूमा
**हार्दिक अनुरोध !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार १५ गतेभित्र भुक्तानी** गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com